भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं
भूकम्पले:
- घर, पुल तथा अन्य संरचना भत्कन सक्छ।
- विद्युत् तथा टेलिफोन सेवा अवरुद्ध हुन सक्छ।
- बाढी, पहिरो तथा आगलागीको जोखिम भई जनधनको क्षति हुन सक्छ।
त्यसैले,
- घर, पुल तथा अन्य संरचना बनाउँदा भूकम्पप्रतिरोधी बनाऔं।
- घरवरिपरि तथा सार्वजनिक स्थललाई खुला राखौं।
- भूकम्प गएमा खुला र सुरक्षित स्थानमा जाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० मङ्सिर ०९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 November 25 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८५

## मधेससँग विभेद भएको छ -रवि लामिछाने

प्रस, वीरगंज, ८ मङ्सिर/

राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं



तस्वीर:प्रतीक



सांसद रवि लामिछानेले मधेससँग राज्यले विभेद गरेको आरोप लगाएका छन्। वीरगंजमा आयोजित कार्यक्रममा अध्यक्ष लामिछानेले शिक्षा, स्वास्थ्य, विकासका काममा मधेसमाथि विभेद भएको आरोप लगाए।

उनले राष्ट्रिय स्वतन्त्र पार्टीले



तस्वीर: प्रतीक

मधेसमा खुट्टा टेकेको र अब मधेसको विकासमा लागिपर्ने बताए। उनले आफू सञ्चारकर्मी हुँदा मधेसबाट वैदेशिक रोजगारका लागि विदेशिएकाहरूलाई स्वदेश फर्काउन प्रभावकारी भूमिका निर्वाह गरेको दाबी गरे। उनले मधेसको १३६ वटै पालिकामा पार्टीको साङ्गठनिक संरचना वृद्धि गर्ने र आगामी २०८४ को निर्वाचनमा मधेसलाई राष्ट्रिय स्वतन्त्र पार्टीमय बनाउने अभियानमा लागिपरेको बताए। अध्यक्ष लामिछानेले मधेस अहिले नेता उत्पादन गर्ने कारखानाको रूपमा देखिएको तर रोजगार दिने यहाँका कलकारखानाहरू बन्द हुँदा त्यसलाई खोलाउनेतर्फ कुनै पनि नेताले पहल नगरेकामा दुःख व्यक्त गरे। उनले रोजगार सिर्जना हुने उद्योग, कलकारखाना सञ्चालन गर्ने र आगामी दिनमा नेता उत्पादन गर्ने उद्योग मधेसबाट बन्द गर्नुपर्ने र यसो गरेको खण्डमा मधेसले समृद्धि हासिल गर्ने बताए।

अध्यक्ष लामिछानेले आर्थिक नगरीको रूपमा चिनिएको वीरगंजको व्यापार अवस्था अहिले डगमगाएको र यसको संरक्षणमा सरकारले ध्यान नदिएको बताए। उद्योग, कलकारखानाहरू बन्द भएका र रोजगारको समस्या विकराल भइरहेकामा यसतर्फ सरकार उदासीन रहेको उनको आरोप थियो। अहिले देशमा गणतन्त्र, लोकतन्त्र, राजतन्त्रको कुरा भइरहेको तर अर्थतन्त्रको सवालमा कुनै पनि पार्टी खरो नदेखिएको बताए। उनले रास्वपा अर्थतन्त्रको सवालमा दृढ



रहेको र यसको सुदृढीकरणको लागि हरसम्भव प्रयास गर्ने बताए।

रास्वपा, पर्साका संयोजक दिलीप कुर्मीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष एवं सांसद बिपी अर्याल, सांसद मनीष झा, केन्द्रीय सदस्य दीपक बोहोरा, पर्साका उपसंयोजक तुलसी अधिकारी, हरि पन्त, मुरली जालान, शेखर अग्रवाल, सोहेब अनवरलगायतको सहभागिता थियो। कार्यक्रमअघि अध्यक्ष लामिछानेले बिपी उद्यानमा रहेको मधेसी शहीद पार्कमा माल्यार्पण गरेका थिए।

**प्रस, सिम्रौनगढ/**

बाराको सिम्रौनगढ नगरपालिका-७ बसपार्कमा रास्वपाले आयोजना गरेको जनसभामा अध्यक्ष लामिछानेले सिम्रौनगढमा कस्तो जादु चल्यो कि घण्टीको मत अर्कोमा खस्न पुग्यो भनी जिज्ञासा राखे।

उनले जबसम्म यहाँको जनतामा यस प्रकारको जादु चलिरहन्छ, तबसम्म यहाँको जनता झनै गरीब हुने बताए। उनले भने, "तपाईंको पैसा तपाईंलाई नै बाँडेर तपाईंमाथि अन्य नेताहरूले जादु चलायो, यही कुरा सम्झाउन म यहाँ आएको हुँ।"

उनले दुर्गा प्रसाईंको राजनीतिक मुद्दामा आफ्नो सहमति नभएको बताउँदै गरीब जनताको ऋण र चर्को ब्याज मिनहाको लागि प्रसाईंले गरिरहेको आन्दोलनको सराहना गरे।

रास्वपा, सिम्रौनगढ नगरकमिटी सभापति साहेब अन्सारीको अध्यक्षतामा भएको कार्यक्रममा मनीष झा, अनिल केशरी, अशोक चौधरी, ममता चौधरी र बारा सभापति चन्दन सर्राफले मन्तव्य राखेका थिए भने कार्यक्रममा स्वागत रजनीश कुमार र सञ्चालन सञ्जीव निरालाले गरेका थिए।

## निकुञ्जमा जनावरको सङ्ख्या बढयो

ओमप्रकाश चौधरी, सेढवा, ८ मङ्सिर/

पर्सा राष्ट्रिय निकुञ्जमा जनावरको सङ्ख्या बढेको छ। निकुञ्जका सहायक संरक्षण अधिकृत सन्तोष भक्तले निकुञ्जमा रहेका जनावरको सङ्ख्या बढेको बताए।

उनले सन् २०१८ मा १८ वटा बाघ रहेकामा सन् २०२२ मा गणना गर्दा सो सङ्ख्या ४१ पुगेको बताए। त्यसैगरी, गौरीगाईको सङ्ख्या १०५ बाट बढेर १६४ पुगेको उनले बताए। उनले निकुञ्जमा गैंडा तीन, हात्ती ४५ देखि ६० वटा रहेको बताए। संरक्षण अधिकृत भक्तले हरिण, भालु, घोडगदाहा, नीलगाईलगायतका जङ्गली जनावरको सङ्ख्यामा पनि वृद्धि भएको बताए।

पर्सा राष्ट्रिय निकुञ्ज र राष्ट्रिय वनमा जङ्गली जनावरको सङ्ख्यामा वृद्धि भएपछि जङ्गल फँडानी कार्यमा केही कमी आएको छ। जङ्गली जनावरको त्रासले सर्वसाधारणहरू सहजै जङ्गल प्रवेश गरेका पाइएको छैन। जीराभवानी गाउँपालिका-१ शान्तिनगरका तिलकबहादुर श्रेष्ठले जङ्गलछेउछाउका बस्तीमा जङ्गली जनावरको आक्रमण बढ्नुले जङ्गलमा जनावरको सङ्ख्या वृद्धि भएको बताए।



तस्वीर:फाइल



उनले बाघ, हात्ती, भालु निस्किने र मानवबस्तीमा प्रवेश गरेर क्षति गर्ने क्रम बढेको बताए। यसरी जङ्गली जनावरको वृद्धि भएको उनको बुझाइ छ।

जङ्गली जनावर बढेका कारण अहिले निकुञ्ज र राष्ट्रिय वनमा गाई, भैंसी, बाख्रा चराउने क्रम निकै कम भएको श्रेष्ठले बताए।

उनले घरपालुवा जनावरको लागि जङ्गलबाट स्याउला घाँस काट्ने र घरायसी प्रयोगको लागि दाउरा लिन जानेहरूको सङ्ख्यामा पनि निकै कमी आएको बताए।

सुनाखरी वन उपभोक्ता समितिका अध्यक्ष भीमबहादुर पाख्रिनले जङ्गली जनावरको सङ्ख्यामा वृद्धि भएपछि जङ्गलबाहिर मानवबस्तीमा प्रवेश गरी बालीनाली क्षति पुऱ्याउने गरिरहेका बताए।

उनले केही दिनअघि गोरु चराउन जङ्गल पसेका ठोरी गापा-५ छघरेका एकजना किसानको बाघको आक्रमणबाट मृत्यु भएपछि जङ्गलमा वस्तु चराउन जानेहरूको सङ्ख्या घटेको बताए।

## सर्लाहीमा सम्बन्धविच्छेदका मुद्दा बढ्दै

नितेश कर्ण, वीरगंज, ८ मङ्सिर/

सर्लाहीमा सम्बन्धविच्छेद (पारपाचुके)को मुद्दा बढ्दैछ। जिल्ला अदालत, सर्लाहीका श्रेस्तेदार सदन अधिकारीले पछिल्लो समय सर्लाही जिल्लामा पारपाचुकेका मुद्दामा वृद्धि भएको र यसको कारण वैदेशिक रोजगार भएको बताए।

उनले सबैभन्दा बढी महिलाहरू पारपाचुकेको मुद्दा लिएर आउने गरेको बताए। पारपाचुकेको मुद्दामा वैदेशिक रोजगारमा रहेका पतिहरू घर आउँदा पत्नीसँग मनमुटाव हुने र सम्बन्धविच्छेदका लागि अदालतमा मुद्दा दिनेको सङ्ख्या बढेको बताए। यसको अलावा बेरोजगारी, घरेलु हिंसा, दाइजो, प्रेम-बेमेल विवाहका घटनामा महिलाहरूबाट सम्बन्धविच्छेदको मुद्दा पर्ने गरेको उनले बताए।

उनले हाल कार्यान्वयनमा रहेको कानून अनुसार पुरुषले सम्बन्धविच्छेदको लागि मुद्दा दिंदा एक वर्ष समयावधि लाग्ने तर यसै प्रयोजनमा महिलाहरूले मुद्दा दिंदा भने तत्काल निर्णय हुने कानूनी



तस्वीर: प्रतीक



व्यवस्था रहेका कारण महिलाहरूबाट मुद्दा दिने प्रवृत्ति बढेको बताए। श्रेस्तेदार अधिकारीले आव २०७९/८० देखि चालू आवको चार महीना गरी १६ महीना अवधिमा २२८ दम्पतीबीच सम्बन्धविच्छेद भइसकेको बताए। यस अवधिमा अदालतमा ३२३ वटा मुद्दा दर्ता भएको उनले जानकारी गराए।

यसैगरी, आव २०७९/८० मा २४१ वटा मुद्दा दर्ता रहेको र त्यसमध्ये १४१ वटा मुद्दा फछ्र्योट भइसकेको, २०८०/८१ को चौमासिकसम्म ८२ वटा मुद्दा दर्ता भएको र यसमध्ये ३८ वटाको फैसला भइसकेको श्रेस्तेदार अधिकारीले बताए। सर्लाही जिल्ला अदालतमा अहिले लेनदेनसम्बन्धी २२० वटा तथा अंशसम्बन्धी १३१ वटा मुद्दा चलिरहेको पनि उनले बताएका छन्।

## स्रोत नखुलेको आठ लाखसहित दुईजना पक्राउ



तस्वीर: सौजन्य

प्रस, महोत्तरी, ८ मङ्सिर/

महोत्तरीको सम्सी नाकाबाट स्रोत नखुलेको नेरु आठ लाखसहित दुईजनालाई सशस्त्र प्रहरीले पक्राउ गरेको छ।

सम्सी गाउँपालिका-५ पोखरभिण्डा सीमानाकामा जाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ आउँदै गरेको मधेस प्रदेश ०२-००६ प १६२१ नम्बरको मोटरसाइकलमा सवार चालकबाट आठ लाख १० हजार ९२० रुपैयाँ बरामद भएको सशस्त्र प्रहरी नेपाल नं ९ गण जलसागर महोत्तरीले जनाएको छ।

सम्सी गापा-३ बस्ने रमेशकुमार साह र रामगोपालपुर नगरपालिका सहसौला बस्ने वर्ष ३२ का अनिल चौधरीलाई पक्राउ गरेको सशस्त्र प्रहरी उपरीक्षक लेखनाथ खनालले जानकारी दिए।

पक्राउ परेका दुवैजना र नगद अनुसन्धानको लागि जलेश्वर भन्सार कार्यालयमा बुझाइएको सप्रउ खनालले बताए।

## छोटकरी

### झाँझखोलामा शव भेटियो

प्रस, रौतहट, ८ मङ्सिर/

यमुनामाई गाउँपालिका-४ झाँझखोलामा बन्दै गरेको पुलको पिलरनजीकै शुक्रवार बिहान एकजना युवकको शव भेटिएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ। करीब २२ वर्षीय युवकको शव पानीमा तैरिरहेको अवस्थामा भेटिएको र उनको सनाखत हुन नसकेको जिप्रका, रौतहटका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक दामोदर केसीले बताएका छन्।

स्थानीयवासीले शुक्रवार बिहान शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। शव शल्यपरीक्षणको लागि प्रादेशिक अस्पताल गौर पठाइएको उनले बताए।

## राँगाको आक्रमणबाट वृद्धको मृत्यु, एक दर्जन घाइते



प्रतीकात्मक तस्वीर

प्रस, रौतहट, ८ मङ्सिर/

कटहरिया नगरपालिकाको डुमरियामा राँगाको आक्रमणबाट एकजना वृद्धको मृत्यु भएको छ भने एक दर्जन मानिस घाइते भएका छन्।

कटहरिया नगरपालिका-९ डुमरियामा बिहीवार साँझ राँगाको आक्रमणबाट घाइते भएका ७० वर्षीय बतहुराय यादवको नारायणी अस्पताल, वीरगंजमा उपचारको क्रममा राति मृत्यु भएको प्रहरीले जनाएको छ।

यसैगरी, राँगाको आक्रमणबाट राजदेव माझी, मन्जुरुल मियाँ, महामद्दीन मियाँ, विलास महरालगायत घाइते भएका छन्।

राँगा नियन्त्रण गर्न गाउँलेहरूले आग्रह गर्दा वडाध्यक्ष रूपेश यादव र नगरप्रमुख अजयप्रकाश जैसवालले वास्ता नगरेका कारण यो घटना भएको उनीहरूको आरोप छ।

## विचारसार र सूक्तिहरू

**गलती जीवनको एउटा पाना मात्र हो तर सम्बन्ध एउटा पुस्तक हो । आवश्यक परेको बेला गलतीको एउटा पाना च्यातेर फाल्नु तर एउटा पानाको लागि पूरै पुस्तक फाल्नु समझदारी होइन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# पक्षीको संरक्षण गरौं

**मङ्सिर महीनाको सुरुआतसँगै हिउँदे पर्यटक चरा नेपाल आउने क्रम शुरू भएको छ। हिउँदे पर्यटक चराहरूले विशेषगरी कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बीसहजारी ताल, जगदीशपुर ताल, घोडाघोडी ताल, शुक्लाफाँटा वन्यजन्तु आरक्ष तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा आश्रय लिने गरेका छन् । रूस, किर्गिस्तान, तुर्किस्तान, उज्वेकिस्तान, अजरबैजान, चीन, मङ्गोलिया, युरोप, कोरिया तथा तिब्बती क्षेत्रबाट हरेक वर्ष पाहुना चरा नेपाल आउने गरेका छन् । दक्षिण भारत र साइबेरियासम्मका चराहरूसमेत जाडो छल्न र बच्चा कोरल्न नेपाल आउँछन् । गत वर्ष कोशीटप्पुमा मात्रै ५३ प्रजातिका सात हजार पाँच सयभन्दा बढी चरा आएको तथ्याङ्क छ । नेपाल आउने पर्यटक चराहरूमध्ये करीब १२ प्रतिशत चरा गर्मीयाममा आउने गरेका छन् । हिउँदे पर्यटक चराहरू हरेक मङ्सिरदेखि फागुनसम्म यहाँ बस्छन् । उनीहरू असोजसम्ममा आफ्ना बच्चा हुर्काएर पुरानै वासस्थानमा फर्कन्छन् । ग्रीष्मकालीन आगन्तुक चराको मुख्य वासस्थान वन र यस आसपासका घाँसेमैदान तथा कृषिभूमिहरू हुन् ।**

**चरा गणना गर्दा लुम्बिनी प्रदेश, कपिलवस्तुको जगदीशपुर तालमा सन् २०१८ मा २३ हजार चरा फेला परेका थिए । सन् २०२० मा घटेर २० हजार आठ सय मात्र फेला पर्‍यो । यो क्रमशः घट्दै सन् २०२१ मा १२ हजार ६३, सन् २०२२ मा नौ हजार ८३७ र २०२३ मा नौ हजार ४८७ वटा चरा फेला परेका छन् । यो जगदीशपुर तालको मात्रै कुरा होइन । जगदीशपुर ताल त हाम्रो मुलुकको समग्रतामा प्रतिनिधि पात्र मात्रै हुन् । यहाँ चरा संरक्षणकै लागि भनेर हरेक वर्ष कुनै न कुनै संरक्षण कार्य भइरहेका छन् । संरक्षणको प्रयास भइरहेको तालको यो अवस्था छ भने अन्यत्रको अवस्था के होला ?**

**हाम्रो मुलुकको हावापानी र धरातलीय अवस्था पनि विशेष प्रकारको छ । विश्वका धेरै मुलुकको भूगोल तथा हावापानी हाम्रो मुलुकको कुनै न कुनै स्थानसँग मेल खाने हुँदा दुर्लभ वनस्पति र लोपोन्मुख दुर्लभ पक्षीहरूसमेत आगन्तुक पक्षीको रूपमा नेपाल आइपुग्छन् । यस्ता दुर्लभ पक्षीको अध्ययन तथा दृश्यावलोकनकै लागि पनि विदेशी पर्यटकहरू लामो समय नेपाल बस्ने गरेका छन् । पक्षीहरूको जीवनचक्रमध्ये एउटा सीमित पक्षको मात्रै अध्ययन, अवलोकन गर्न पनि उनीहरू धेरै रकम खर्च गर्छन् । यसले मुलुकको अर्थतन्त्रलाई प्रत्यक्ष फाइदा पुगेको छ । पर्यापर्यटनका साथै जैविक विविधताको संरक्षण महत्त्वपूर्ण कुरा हो । तर पछिल्लो केही वर्षदेखि पक्षीको आश्रयस्थलको संरक्षण हामीले गर्न सकिरहेका छैनौं भन्ने कुरा आगन्तुक चरा र रैथाने चराको घट्दो क्रमले बताइसकेको छ । मानवीय क्रियाकलापको कारण पक्षीको प्राकृतिक बासस्थान नासिंदै गएको हो । बासस्थान नै उजडिएपछि पक्षी आकर्षित नहुने नै भयो । पक्षीहरूमा पनि आपसमा संवाद हुने, गुनासो पोख्ने तथा असन्तुष्टि जाहेर गर्ने र खुशी प्रकट गर्नेलगायतका क्रियाकलापहरू हुन्छन् । विभिन्न अध्ययनले पनि यो कुराको पुष्टि गरिसकेको छ । यसको अर्थ आगन्तुक चराहरू आफूले चाहे जसरी रमाउन सकेनन् भने उनीहरूले त्यो सन्देश आफ्नो समुदायमा देशविदेशसम्म पुऱ्याउँछन् । यसो हुँदा अर्को वर्ष आउने पक्षीको सङ्ख्या घट्छ । अतः नेपाल मोह कम हुँदै जान्छ । अन्यत्र पनि अनुकूल वातावरण नपाएमा पक्षीको जीवन छोटिने र प्रजनन् दर कम हुँदै जाने [redacted] असन्तुलन पैदा गर्छ । यसर्थ पक्षी [redacted]कता देखाउनुपर्ने बेला भइसकेको छ ।**

# सङ्घीयताप्रति जाग्दो वितृष्णा

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**एकले अर्कामाथि दोषारोपण गर्ने, भ्रष्टाचारी साबित गर्ने अभियान चलाएपछि जनताले कसमाथि विश्वास गर्ने ? नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देशमा सङ्घीयताको आवश्यकता छ तर यसको औचित्यको पुष्टि त राम्रो कामले मात्रै हुन सक्छ ।**

सङ्घीयता भनेको राज्यको शक्तिको अधिकारको विभाजन हो। नेपालमा झन्डै २५० वर्षसम्म एकात्मक शासन प्रणाली रहिआएको कारण केन्द्रिकृत मानसिकतामा कमी आएको छैन । राज्यको शक्तिको अधिकारलाई विभाजन गर्नुपर्ने पक्षमा सिंहदरबार रहेको छैन । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालाई राज्यको अङ्ग मानिन्छ तर नेपाल व्यावहारिकरूपमा सङ्घीयतामा गएको सात वर्ष हुन लाग्दा पनि अहिलेसम्म कार्यपालिकाको सम्पूर्ण अधिकार प्राप्त गर्न सकेको छैन। शासन र प्रशासनमाथि नियन्त्रण कायम नगरुन्जेलसम्म शासकले आफूअनुकूल सरकार चलाउन सक्दैन । सङ्घीयता कार्यान्वयनमा त सङ्घीय सरकार नै उदासीन रहँदै आएको छ । प्रदेश सरकारको एकल अधिकारमा रहेको प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षाको अधिकार कार्यान्वयनमा व्यवधान खडा गर्नु र अहिलेसम्म पनि प्रदेशमा प्रहरी समायोजन नगर्नुलाई सङ्घीयता कार्यान्वयनमा केन्द्रको असहयोगात्मक कार्यको रूपमा लिन सकिन्छ। त्यसैगरी, सिङ्गो प्रशासन संयन्त्रसँगै जोडिएको सङ्घीय निजामती कानून जारी नगर्नु पनि एउटा ठूलो कारण हो। यो कानून नहुँदा प्रदेश र स्थानीय तहको कर्मचारी व्यवस्थापनलगायतमा ठूलो समस्या छ। आफ्नो हातमा प्रहरी प्रशासन र कर्मचारी छैन भने कसरी सरकारको अनुभूति हुन्छ। सुशासन प्रवर्द्धनमा पनि सहयोग प्राप्त हुन सक्दैन । प्रदेश सरकारहरू आफ्नो संविधानप्रदत्त यस अधिकारको प्राप्तिका लागि पटक–पटक केन्द्रीय सरकारसँग ताकेता पनि गर्दै आएको छ तर मधेस प्रदेशबाहेक अन्य प्रादेशिक सरकारहरू यसमा गम्भीर छैनन्। मधेस प्रदेश सरकारको नेतृत्वकर्ता जसपासहित सरकारमा सहभागी मधेसी दलका अध्यक्ष तथा सांसदहरू यस विषयलाई प्रभावकारीरूपमा सङ्घीय संसद् तथा सङ्घीय सरकारमा उठाउन आवश्यक ठानेका छैनन् । जसले यो मुलुकमा गणतन्त्र र सङ्घीयताका लागि आन्दोलन गरे, उनीहरू नै अहिले सत्तामा छन् तर सङ्घीयता कार्यान्वयनमा उनीहरूमैं उदासीनता देखिनु दुर्भाग्यपूर्ण हो। मधेस प्रदेशले आफ्नो अधिकारका लागि आन्दोलनको चेतावनी दिएको छ तर मधेस प्रदेश सरकारको नेतृत्वकर्ता जसपा र यसमा सहभागी दलहरू नै सङ्घीय सरकारमा पनि सामेल छन् । तसर्थ यस आन्दोलन अथवा प्रदर्शनको कुनै अर्थ छैन, केवल सोझासाझा जनतालाई भ्रममा पार्न सकिन्छ । प्रदेश सरकार पनि सङ्घकै राजनीति अनुसार गाईजात्रामा लागेको छ। लेनदेनको राजनीतिबाट प्रदेश सरकार तथा कुनै पनि राजनीतिक दल मुक्त रहेको छैन। विधि र राजनीतिक मूल्य–मान्यता केही छैन । सत्ता टिकाउन जुनसुकै हत्कण्डा अपनाउन तयार छन् । यसको असर स्वयम् ठूला दल र प्रदेश सरकारलाई पर्नेछ। दलहरूका गतिविधिले प्रदेश सरकारको काम छैन भन्नेहरूको आवाज बढाइरहेको छ, जबकि सङ्घीयता आफैंमा नराम्रो होइन ।

प्रदेशमा भइरहेको अस्थिरताको कारक प्रदेश सरकार र मुख्य दल नै भएकाले उनीहरू नै भागीदार हुनुपर्नेछ । प्रधानमन्त्रीले प्रदेशमा मन्त्रालयको सङ्ख्या १० भन्दा बढी नपुऱ्याउने प्रतिबद्धता जनाउनुभयो। तर प्रदेशमा धमाधम मन्त्री थप्ने, राज्यमन्त्री थप्ने काम भइरहेको छ। यसले सङ्घीयताप्रति वितृष्णा जगायो। प्रदेशमा कति मन्त्रालय हुने भनेर संविधानमा लेख्नुपर्ने भयो ।

गत वर्ष आमनिर्वाचन सम्पन्न भएको एक वर्ष पूरा भएको छ। यस एक वर्षमा मधेस प्रदेशमा र माओवादी नेतृत्वको प्रादेशिक सरकारहरूबाहेकको प्रदेशमा नेतृत्व परिवर्तन पनि भइसकेको छ । कोशी प्रदेशमा त सरकार गठनका अधिकांश प्रावधानको प्रयोग भई अब सांसद मात्रको नेतृत्वमा सरकार गठन भएको छ । नेपालका संविधान निर्माताहरूले आफ्नो पाँच वर्षे सांसद पदलाई जोगाउन राजनीतिक नैतिकता, पदीय लोलुपता र संसदीय व्यवस्थाको मूल्य एवं मान्यताविपरीतको जुन आचरण देखाएका छन्, त्यसको परिणति भोग्न देश अभिशप्त छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र जस्तो विश्वको सर्वोत्तम शासन प्रणालीप्रति नेपालका बुद्धिजीवीहरूमा पनि वितृष्णा उत्पन्न हुनु संयोग होइन, यो थरीथरीका आश्वासन, भाषण, कृत्य र क्षोभपछि उत्पन्न सामूहिक आक्रोशको प्रस्फुटन हो ।

कोशी प्रदेशमा अघिल्लो सरकारले आफू अल्पमतमा परेपछि संसद् छलेर अध्यादेशमार्फत बजेट ल्यायो। गठबन्धन सरकार बनाउन संविधान मिचेर सभामुखलाई समेत हस्ताक्षर गरायो, उपसभामुख पनि संवैधानिक दायित्व बिर्सेर सरकार ढाल्ने खेलमा लागिन्, सत्तापक्षले सरकार जोगाउन अध्यक्षता गरेका व्यक्तिहरूलाई पनि मतदानमा सहभागी गरायो । दलहरूका अनैतिक गतिविधिले सरकार नै बजेट शून्यताको अवस्थामा पुग्यो। सौभाग्यले भन्नुस् कोशी प्रदेशले नेपालको दलीय राजनीतिमा ठूलठूला नेतृत्व र विचारकलाई जन्माएको छ। स्व मातृकाप्रसाद, बिपी कोइराला, गिरिजाबाबू, मनमोहन अधिकारी, झलनाथ खनाल, केपी शर्मा ओलीजस्ता पूर्वप्रधानमन्त्री र मदन भण्डारीजस्ता लोकप्रिय नेताको यो गृह प्रदेश हो। अर्को प्रदेशमा भागबण्डाको किचलोले पटक–पटक मन्त्रिमण्डल विस्तार गरियो । सातपटक विस्तार गरेर दुई राज्यमन्त्रीसहित १६ सदस्यीय बनाइँदा पनि एकजना मन्त्रीलाई विनाविभागीय बनाएर पनि समन्वय हुन सकेन। छ दल सरकारमा भएर सबैलाई भाग पुऱ्याउन नसकिएको गुनासो पनि एउटै प्रदेशमा देखिन्छ । नेकपा एमाले सरकारमा सहभागी नभई बाहिरबाट समर्थन दिएको कारण सत्ताधारी गठबन्धनभित्र परस्पर अविश्वास देखिन्छ ।

एउटा अर्को प्रदेशमा भागबण्डा विवादका कारण सरकारले आठ महीनापछि मात्रै पूर्णता पाउन सक्यो । एकजना मन्त्री त ९३ दिनसम्म जिम्मेवारीविहीन थिए। सरकारले खर्च कटौतीको घोषणा गर्दै १४ बाट घटाएर मन्त्रालय ११ मा झाऱ्यो तर भागबण्डा नमिलेपछि एउटा मन्त्रालय फुटाएर १२ पुऱ्यायो । निर्वाचन सम्पन्न भएको १० महीना बित्दा पनि संसदीय समितिका सभापति चयन हुन सकेन । दुई/तीन महीनासम्म प्रदेश सरकारको बैठक नै बसेन ।

कर्णाली प्रदेशका मुख्यमन्त्रीले सत्ताको खिंचातानीका कारण तीनपटक विश्वासको मत लिइसकेका छन् । मुख्यमन्त्री नियुक्ति भएलगत्तै सुशासन कायम गर्ने दाबीसहित मन्त्रालयको सङ्ख्या आठबाट सातमा झारे तर सत्ता जोगाउन र भागबण्डा मिलाउन चार महीना नबित्दै फेरि मन्त्रालय आठ नै पुऱ्याए ।

सुदूरपश्चिममा भागबण्डाको झमेलाले छ महीनापछि मात्रै सरकारले पूर्णता पायो । नयाँ शक्तिको रूपमा उदाएको नागरिक उन्मुक्तिसमेत सत्ता बार्गेनिङमा सामेल भयो । भागबण्डा मिलाउन दुईजना राज्यमन्त्री थपिए । प्रदेशसभामा सात महीनामा एउटा पनि विधेयक पारित हुन सकेन । संसदीय समितिको गठनमा पनि विवादको अवस्था देखियो । एक महीनाभित्रै सरकारको पतन भएको उदाहरण यसै प्रदेशको हो ।

एउटा प्रदेशमा आठ महीनामा दुई मुख्यमन्त्री अस्तित्वमा आए । प्रदेश सरकार भएपनि सङ्घीय सरकार र नेताहरूकै छायामा प्रदेश चलेको छ । सरकार गठनमा समर्थन दिने र फिर्ता गर्ने मात्र होइन, संसदीय समिति गठनसम्मका विषयमा निर्णय लिन मुख्यमन्त्रीसहितका प्रदेशका नेताहरू काठमाडौं धाउने क्रम रोकिएको छैन । प्रायःजसो प्रादेशिक सरकारको अवस्था यस्तै रहने हो भने जनतामा सङ्घीयताप्रति वितृष्णा किन नजागोस् ? भ्रष्टाचारका घटना भइ नै रहनेछन्। एकले अर्कामाथि दोषारोपण गर्ने, भ्रष्टाचारी साबित गर्ने अभियान चलाएपछि जनताले कसमाथि विश्वास गर्ने ? नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देशमा सङ्घीयताको आवश्यकता छ तर यसको औचित्यको पुष्टि त राम्रो कामले मात्रै हुन सक्छ ।

# गणतन्त्र ने हिजडोकी फौज बनाइ है ?

मन्तव्य



कुमार रुपाखेती

**प्रचण्ड, ओली, देउवाहरूले पटक–पटक गणतन्त्रमा जनताको छोरा प्रधानमन्त्री बन्ने प्रावधान छ भन्ने रटान भाषण गर्छन् । अनि पञ्चायतका प्रधानमन्त्रीहरू कीर्तिनिधि विष्ट, मरिचमान सिंह, नगेन्द्रप्रसाद रिजाल, सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द कसका छोरा थिए ?**

गणतन्त्रका नाइकेहरूको आश्रयस्थल काठमाडौंमा मङ्सिर ७ गते बिहानैदेखि कानको जाली फुट्ने गरी ठूलो जमातले 'राजतन्त्र जिन्दाबाद', 'गणतन्त्र मुर्दाबाद', 'हाम्रो राजा हाम्रो देश प्राणभन्दा प्यारो छ' घन्काइरहँदा गणतन्त्रका मसिहाहरू थरथर कामेको देखियो। त्यतिमात्र कहाँ हो र ? राजावादीहरूले आफ्नो सभामा पुरानो राष्ट्रिय गीत 'श्रीमान् गम्भीर नेपाली प्रचण्ड प्रतापी भूपति ...' बजाएर गणतन्त्रलाई चारोखाना चित्त गर्न राजधानी पुगेको सन्देश दिए ।

यस्तो कारनामा गरेर दुर्गा प्रसाईं भन्ने एक व्यक्तिले 'एक मच्छर आदमीको हिजडा बना देता है' साबित गरे । यिनै दुर्गा प्रसाईं कुनै बेला प्रचण्ड र ओलीका दाहिने हात थिए । पुच्छरले कुकुर हल्लाएझैं प्रसाईंको गर्जनले प्रचण्ड, ओली हल्लिए। मुलुकको प्रधानमन्त्री र प्रतिपक्षी दलका नेताको राँडो रुवाइ नेपाली टिभीले बारम्बार देखायो। व्यापारी, समाजसेवी, अभियन्ता, माओवादी, एमाले बन्दै अहिले आफूलाई कट्टर राजावादी साबित गर्ने प्रसाईंका अनेक रूप छन्, अर्थात् यिनी पनि बहुरुपियाँ नै हुन्। तर गणतन्त्रलाई भजाएर खान पल्केकाबाट आजित र पीडित जनताले यिनै दुर्गामा दुर्गा अवतार देखे। नेपालमा अझै संसद्मा समेत थुप्रै राजावादी दलका प्रतिनिधिहरू छन् तर प्रसाईंले यी सबैलाई पछार्दै आफूलाई 'नम्बर वन' राजावादी साबित गर्न कुनै कसर बाँकी राखेनन् । कहाँसम्म भने प्रसाईंसँग जोरी खोज्न र टक्कर दिन भनी एमालेवालाहरूले तीनकुनेमा राखेको विरोध फिक्का र धमिलो साबित भयो। गणतन्त्रको इतिहासमा नेपाली मिडियाले पहिलोपटक राजावादीहरूको यो बहुचर्चित कार्यक्रमलाई प्रत्यक्ष प्रसारण गरी देशको कुनाकाप्चासमेत तताए । पहिलो ऐतिहासिक जनान्दोलन २०४६ को विरोधमा पञ्चायती व्यवस्थाले काठमाडौंमा दुई हजारको हाराहारीमा सुरक्षाकर्मी परिचालन गरेको थियो र दोस्रो जनआन्दोलन २०६२/६३ मा राजा ज्ञानेन्द्रले काठमाडौंमा करीब तीन हजार सुरक्षाकर्मी खटाएका थिए भने अहिले एउटा व्यक्ति दुर्गा प्रसाईं समूहलाई तह लगाउन गणतन्त्रवादी सरकारले १० हजार सुरक्षाकर्मीसहित सेनाको अगाडिसमेत लम्पसार परेको थियो । राप्रपा, रास्वपा र अनेकथरी राजावादी ससाना समूहहरूमा अहिले प्रसाईंको दमदार नेतृत्व देखेर के गरौं, कसो गरौं भन्ने अन्योलमा परेको देखिन्छ। प्रसाईंको लोकप्रियता देखेर कमल थापा र राप्रपालाई आच्छुआच्छु परेको छ र रातबिरात मिटिङ गर्न थालेका छन् । प्रचण्ड, ओली, देउवाहरूले पटक–पटक गणतन्त्रमा जनताको छोरा प्रधानमन्त्री बन्ने प्रावधान छ भन्ने रटान भाषण गर्छन्। अनि पञ्चायतका प्रधानमन्त्रीहरू कीर्तिनिधि विष्ट, मरिचमान सिंह, नगेन्द्रप्रसाद रिजाल, सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द कसका छोरा थिए ? पञ्चायतकालमा पनि त जनताका छोरा नै प्रधानमन्त्री बन्थे । झन् प्रजातन्त्र आएपछि सूर्यबहादुर र लोकेन्द्रबहादुरलाई बुई चढाएर काङ्ग्रेस र एमालेले जनताको प्रधानमन्त्री बनाएको होइन र ? नकचराहरू ।

'बाप बडा ना भैया सबसे बडा रुपैयाँ' गणतन्त्रवादीहरूको मूलमन्त्र नै बन्यो अनि त दुर्गा प्रसाईंजस्तो राजनीतिका अनाडी खेलाडीको पछिपछि नेपाली दगुरे । यो सत्य हो कि राजावादी, पञ्चे, गरीब र निमुखालाई गणतन्त्रको दुहाइ दिंदै पाखा लगाउँदै भित्तामा पुऱ्याइएको थियो। यस्ता सबै पीडितको आवाजलाई एकत्रित र गोलबन्द गर्न प्रसाईं सफल भएको देखिन्छ। सत्ताको मजा चाखिसकेका कमल थापा प्रवृत्तिका राजावादीहरू चपाएर कुरा गर्ने, राजा, प्रजा, सत्ता सबैसँग समदूरी बनाउने र मस्ती मार्ने गर्थे भने तर प्रसाईंले राजधानीमा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष ३७ २०८० मङ्सिर ०९ गते शनिवार 2023 November 25 Saturday


# ‘नवप्रज्ञापन शताङ्क’ : एक सामान्य परिचर्चा

मधेस प्रदेशको साहित्य उर्वर छ भन्ने देखाउनको लागि अब नवप्रज्ञापन पनि हुन सक्छ । नवप्रज्ञापन साहित्यिक त्रैमासिकले यस अङ्क प्रकाशन गरिसकेको छ । गौरवपूर्ण शताङ्कलाई हेर्दा यस्तो अनुभूति हुन्छ– मधेस प्रदेशको छाती फराकिलो भएको छ ।

शताङ्क आफैंमा एउटा गौरवमय यात्रा हो । सय अङ्क प्रकाशन गर्नु चानचुने सङ्घर्षको द्योतक होइन । कसैले आफूलाई पूर्णतया समर्पण नगरी सय अङ्क कदापि प्रकाशन गर्न सक्दैन । पत्रिकाका परिकल्पनाकार प्रकाशक/सम्पादक नवराज रिजाल हुन् । जिल्ला प्रशासन कार्यालय, बारामा दर्ता भएर २०७७ को प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार प्राप्त गरिसकेको नवप्रज्ञापनले इतिहास रचेको छ । शताङ्क प्रकाशन गरेर मात्र इतिहास बनाएको होइन, यसले अनेक विशिष्ट कार्यहरू विगतमा गरेको छ र यो अङ्कलाई झन् विशिष्ट बनाउन पुगेको छ ।

शताङ्कको पहिलो खण्डमा रहेको छ– स्मृतिमा साहित्यिक पत्रपत्रिका । यस खण्डमा विगतमा राम्रो चर्चा पाएको तर हाल प्रकाशन बन्द रहेको साहित्यिक पत्रपत्रिकाको मूल्याङ्कन गरिएको छ । साहित्यिक पत्रकार रोचक घिमिरेले नेपाली साहित्यमा महत्तम प्राप्ति भित्र्याउने पत्रिका ‘प्रगति’ शीर्षकमा प्रगति साहित्यिक पत्रिकाको ऐतिहासिक चर्चा गरेका छन् । ‘साहित्यिक युगनिर्माता शारदा र ऋद्धिबहादुर मल्ल’ शीर्षकमा साहित्यकार विजय चालिसेले शारदा पत्रिकाको प्रकाशनको इतिवृत्तिको चर्चा गरेका छन् । ‘रत्नश्रीले गरेको अठतीस बर्से यात्रा’ शीर्षकमा रामप्रसाद पन्तले रत्नश्री साहित्यिक पत्रिकाको प्रकाशन र यात्राबारे स्पष्ट पारेका छन् । ‘रूपरेखा पूर्णाङ्क २०० सम्म’ शीर्षकमा साहित्यिक पत्रिका रूपरेखाको इतिहासबारे अमरकुमार प्रधानले निकै सुन्दर चर्चा गरेका छन् । डा देवी क्षेत्री दुलालले ‘तेस्रो आयाम पत्रिकाको खोजीमेली’ शीर्षकमा दार्जिलिङबाट प्रकाशित भएको तेस्रो आयाम पत्रिकाको इतिहासबारे चर्चा गरेका छन् । प्राडा ऋषिराम शर्माले ‘साहित्यिक पत्रिकाको सीमान्तीयता र नवप्रज्ञापन’ शीर्षकमा यही पत्रिकाबारे सामान्य चर्चा गरेका छन् भने ईश्वरराज ढुङ्गेलले ‘नवप्रज्ञापन पहिलो अङ्क प्रकाशनको सन्दर्भ, साउन–भदौ २०५०’ शीर्षकमा स्मरण शैलीमा शीर्षकानुकूल चर्चा गरेका छन् । ‘गजल अङ्क पूर्णाङ्क ७, माघ २०५१’ शीर्षकमा विवेक वाइवाले सङ्क्षेपमा नवप्रज्ञापनको एउटा विशेषाङ्कको मूल्याङ्कन गरेका छन् । नवप्रज्ञापनको ‘पूर्णाङ्क ११, माघ २०५१ माधव घिमिरे लघुशब्दचित्र’ विशेषाङ्कको बारेमा गङ्गा कर्माचार्य पौडेलले अत्यन्त सुन्दर चर्चा गरेकी छन् । ‘गीतगङ्गा पूर्णाङ्क १३, साउन भदौ २०५२’ को सामान्य विश्लेषण प्रतीक्षा रिजालले, ‘ईश्वर ढुङ्गेलका कविताहरू (पूर्णाङ्क १४, असोज २०५२)’ छायादत्त न्यौपाने बगरले, ‘सरुभक्त लघुशब्दचित्र (पूर्णाङ्क १६, मङ्सिर २०५२)’ बाबुराम लम्सालले, ‘नारायणीका केही स्रष्टाहरू (पहिलो भाग पूर्णाङ्क २२, माघ–चैत २०५३)’ रमेशमोहन अधिकारीले तथा ‘श्यामप्रसादका रचना (पूर्णाङ्क २७, जेठ २०५२)’ वासुदेव अधिकारीले शीर्षकानुकूल चर्चा गरेका छन् । विभिन्न विशेषाङ्कको मूल्याङ्कन गर्ने क्रममा डा पुष्करराज भट्टले ‘नारायणीका स्रष्टाहरू (दोस्रो भाग, पूर्णाङ्क २९, असोज २०५६)’, डिल्लीरमण मिश्र कलमजीवीले ‘बाल्यकालीन संस्मरण विशेषाङ्क, पूर्णाङ्क ४०, वैशाख असार २०६५)’, बद्रीप्रसाद ढकालले ‘नवप्रज्ञापन स्वर्ण अङ्क (पूर्णाङ्क ५०, कात्तिक–पुस २०६७)’, प्रमोद प्रधानले ‘बालसाहित्य विशेषाङ्क (पूर्णाङ्क ६०,

स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com

वैशाख–असार २०७०)’, शीतल गिरीले ‘भानुभक्त विशेषाङ्क (पूर्णाङ्क ६४, वैशाख असार २०७१)’, डा. शैलेन्दुप्रकाश नेपालले




‘छनदकविता विशेषाङ्क (पूर्णाङ्क ६८, वैशाख–असार २०७२’ तथा प्राडा कपिल लामिछानेले ‘लघुकथा विशेषाङ्क (पूर्णाङ्क ७२, वैशाख–असार २०७३)’ को सान्दर्भिक चर्चा गरेका छन् । यसैगरी, आरएम डङ्गोलले ‘स्वअभिलेख अङ्क’, बाबुराम पोखरेलले ‘मुक्तक विशेषाङ्क’, डा देवी नेपालले ‘बहुभाषा कथा विशेषाङ्क’, प्रा केशव सुवेदीले ‘गीत विशेषाङ्क’, नन्दु उप्रेतीले ‘प्रदेश २ गजल विशेषाङ्क’, र प्राडा ध्रुवकुमार घिमिरेले ‘नेपालीय भोजपुरी साहित्य विशेषाङ्क’बारे चर्चा गरेका छन् । नवप्रज्ञापनले आफ्नो विगतका विशेषाङ्कहरूबारे विश्लेषण गर्न लगाएर आफ्नो इतिहासको साँच्चीकै मूल्याङ्कन गर्ने सुन्दर काम गरेको छ ।

नवप्रज्ञापनको अङ्क १ देखि ९९ सम्म प्रकाशित सम्पूर्ण सम्पादकीयलाई एक ठाउँमा समेटिएको छ । वास्तवमा सम्पादकीयमार्फत पत्रिकाका सम्पादकले गरेका प्रतिबद्धता, भोगेका पीडा तथा पत्रिकाको तात्कालिक वर्तमान बोकेको छ, यो खण्डले । यस अङ्कको आत्मा यसलाई मान्न सकिन्छ । यसलाई ‘सम्पादकीय यात्रा’मा राखिएको छ । साँच्चीकै कुनै पनि पत्रिका सञ्चालकले यो खण्ड एकपटक फुर्सद मिलाएर पढ्नुपर्ने किसिमको मूल्यवान् रहेको छ ।

‘यात्राका सहयात्रीहरू’ शीर्षकमा साहित्यकारहरूको सूत्रात्मक इतिहास छ । कुन साहित्यकारको कुन विधा र कुन शीर्षकको रचना कुन मितिमा अनि कुन पृष्ठमा प्रकाशित छ भन्ने तथ्य यसमा पस्किएको छ । पत्रिकाका सम्पादकले कति धेरै परिश्रम गरेका छन् भन्ने पनि यसले प्रस्ट पार्छ । जसको हातमा यो अङ्क पुगेको छ, तिनले आफ्नो अनुहार ऐनामा जस्तो यसमा हेर्दा यस पत्रिकासितको आफ्नो सम्बन्धको इतिहास सजिलै केलाउन सक्छन् । यस पत्रिकाले एक हजार ६८६ साहित्यकारका रचना प्रकाशित गरेको छ ।

‘शुभेच्छामा जोडिएका मन’ स्तम्भमा पत्रिकालाई प्राप्त शुभकामनाहरू समेटिएका छन् । गङ्गा सुवेदीले ‘खुशीको खबर’, राममणि पोखरेलले ‘सयौं अङ्कको शुभकामना’, माधव पोखरेल गोज्याङ्ग्रेले ‘शुभकामनाका केही शब्द’, हेमराज अधिकारीले ‘स्वच्छ पवित्र र शान्त नदीजस्तै लाग्छ नवप्रज्ञापन’, भवानी ताबाले ‘सम्झनाको सेरोफेरो’, सीताराम उप्रेतीले ‘म, नवराज र नवप्रज्ञापन’, नारायण तिवारीले ‘एउटा नाम धेरै टिक्यो, बिलाएन’, जय छाङ्छाले ‘नवप्रज्ञापन अर्थात् नवप्रज्ञापन’, नगेन्द्र रेग्मीले ‘शुभकामना ! शुभकामना !! शुभकामना !!!’, वसन्तराज अज्ञातले ‘नवप्रज्ञापन एउटा यात्राको नाम’ तथा मातृका पोखरेलले ‘हाम्रो साहित्यिक पत्रकारिता’ शीर्षकमा शुभकामनाका शब्दहरू लेखेका छन् । यसैगरी, रामचन्द्र महतो कुशवाहाले ‘निर्बाध जारी रहोस् प्रोत्साहनमूलक यात्रा’, डा राजेन्द्र विमलले ‘गज्जबको शतक : कमालको ब्याटिङ’, कार्तिकेय घिमिरेले ‘गति मलाई मनपर्छ’, यशु श्रेष्ठले ‘मनदेखि मनसम्म’, सञ्जय साह मित्रले ‘सम्झनाको सेरोफेरो’, किशुनदयाल श्रीकृष्णले ‘पहिलो रचना प्रकाशित हुँदा’, रेणु गुप्ताले ‘तिमीलाई सम्झेर’, डा गोपाल ठाकुरले ‘नवप्रज्ञापनको शताङ्क यात्रा’, मुकुन्द आचार्यले ‘बारामा साहित्यिक पत्रकारिता’, सुनील कुमारले ‘बारा जिल्लामा साहित्यिक गतिविधि’, रामप्रसाद अधिकारीले ‘हेर्दाहेर्दै तीस वर्ष बितिसकेछ’, जङ्गबहादुर यादवले ‘मन के बात’, गणेशराज रिजालले ‘विगत बीस वर्षदेखि संलग्न छु’, विजय मैनालीले ‘अत्यन्तै हर्ष लागेको छ’, ईशहाक हुसेनले ‘चिनेजानेको मात्र हैन बुझेको पनि छु’, जगदीशप्रसाद पङ्कजले ‘मेरो नजरमा नवप्रज्ञापन’, हृदयनारायण चौधरीले ‘सूचना र जानकारीका कुरा’, राधेश्याम शिवाकोटीले ‘हिंडिरहेछ नवप्रज्ञापन’, गोपाल अश्कले ‘म र मेरो साइनो’, डा विश्वम्भरकुमार शर्माले ‘मधेसमा नवप्रज्ञापन’, गणेशप्रसाद लाठले ‘परिचयको खोजी’ तथा विनयराज गौतमले ‘सम्यक सोच र कर्मको प्रतिफल’ शीर्षकमा नवप्रज्ञापन साहित्यिक त्रैमासिकप्रति शुभकामनाका शब्दपुष्पहरू अर्पित गरेका छन् । यसैगरी, नगेन्द्रराज शर्माले ‘सहयात्रीलाई शुभकामना’, मोहन दुवालले ‘साहित्यिक पत्रकारितामा नवप्रज्ञापनको शताङ्क यात्रा’, विनयकुमार शर्मा नेपालले ‘गाऱ्है गाऱ्होको बीच नेपाली साहित्यिक पत्रकारिता’, विदुर गौतमले ‘ऊर्जा प्राप्त भइरहोस्’, नवराज पुडासैनी ज्योत्सनाले ‘मलाई यसो भन्न मन लाग्यो’, राम सञ्जेलले ‘प्रगतिको कामना’, वियोगी बुढाथोकीले ‘जुम्ल्याहा यात्राको शताङ्क’, चेतनाथ धमलाले ‘शब्दको शुभकामना’, आरसी रिजालले ‘प्रगतिको कामना’, होमशङ्कर बाँस्तोलाले ‘नवप्रतिभालाई उठाउन सक्षम पत्रिका’, धीरकुमार श्रेष्ठले ‘शताङ्क : महत्त्वपूर्ण अङ्क’, लक्ष्मी भट्टराई परिधिले ‘मेरो शुभकामना’, सूर्यप्रसाद लाकेजूले ‘पुष्पगुच्छा अर्पण गर्दछु’, नानीमैया अधिकारीले ‘मनभरिको शुभकामना !’ अच्युत घिमिरेले ‘शताङ्क यात्राको साक्षी म’, देवराज खरेलले ‘यात्रा जारी रहनुपर्छ’, डा तुलसी भट्टराईले ‘जय हो : नवप्रज्ञापन’, प्राडा लक्ष्मणप्रसाद गौतमले ‘नवप्रज्ञापनको शुभ शताङ्क’, माया ठकुरीले ‘नवप्रज्ञापनसँग पहिलो भेट’, भागीरथी श्रेष्ठले ‘हार्दिक शुभकामना’, श्रीओम श्रेष्ठ रोदनले ‘शताङ्कको शुभकामना’, राममणि ढुङ्गेलले ‘साहित्यिक पत्रिकाहरूमा नवप्रज्ञापन’, श्याम रिमालले ‘सम्पादकीय जादुयी लेखनको निरन्तरताको सामना’, अमृत

(बाँकी चौथो पातामा)

# टिकटक : संस्कृतिमाथि जघन्य प्रहार

“ना रही बाँस ना बाजी बाँसुरी ।” संक्षिप्त यस भोजपुरी लोकोक्तिमा बृहत् रहस्य समाहित छ । बाँस नै रहेन भने न बाँसुरीको निर्माण गर्न सकिन्छ, न त कोही बजाउन सक्छ । यस लोकोक्तिमार्फत कुनै विषय, प्रसङ्ग वा विवादभन्दा पनि कारक तत्त्वलाई नष्ट गरियो भने समस्याको निदान हुने आशय व्यक्त गर्न खोजिएको देखिन्छ ।

उपरोक्त लोकोक्ति उद्धृत हुने खालको निर्णय केही दिनअघि नेपाल सरकारले लियो । सामाजिक सञ्जाल टिकटकमाथि प्रतिबन्ध लगायो र तुरुन्त कार्यान्वयन गऱ्यो । अश्लीलता र सामाजिक सद्भाव भड्काएको भन्दै टिकटकमाथि प्रतिबन्ध लगाएको कुरा सरकारले प्रस्ट गरिसकेको छ । सरकारको निर्णय प्रवाह भएसँगै टिकटकको कार्यालयदेखि प्रयोगकर्ताहरूमाझ भुइँचालोझैं तरङ्ग उत्पन्न गरेको देखिन्छ । परकम्पस्वरूप टिकटकको कार्यालयले नेपाल सरकारसमक्ष लिखित प्रतिक्रिया प्रेषित गरिसकेको छ भने प्रयोगकर्ता, राजनीतिक वृत तथा सर्वसाधारणहरू सरकारको निर्णयको पक्ष र विपक्षमा विभाजित छन् ।

मानवीय स्वभाव अनुसार यस प्रकरणमा पनि मिश्रित प्रतिक्रियाहरू आउने क्रम जारी छ । एकातर्फ रोगको उपचार गर्नुभन्दा सरकारले अङ्ग नै काटेको प्रतिक्रियाहरू आइरहेका छन् भने अर्कोतर्फ सरकारको कदमको सराहना भइरहेको छ । मिश्रित प्रतिक्रियाहरूले टिकटक ठीक कि बेठीक भन्ने सामाजिक मनोविज्ञान द्विविधापूर्ण मनस्थितिमा अड्केको छ ।





टिकटक चीनमा निर्मित तथा त्यहाँबाट सञ्चालित सामाजिक सञ्जाल हो । अन्तर्राष्ट्रियस्तरमा एकअर्को देशसँग द्वन्द्वजन्य अनन्य आन्तरिक कारणहरू हुन सक्छन् । यस कारणले कुनै देश टिकटकको पक्षमा र कुनै देश विपक्षमा हुन सक्छन् । यद्यपि अन्य मुलुकको दबाबको प्रभावस्वरूप नेपाल सरकारले टिकटक बन्द गरेको हो भन्ने विचार गर्नुभन्दा अघि टिकटकले नेपाली समाज, संस्कृति र संस्कारमा के कस्तो प्रभाव/कुप्रभाव पारिरहेको छ ? भन्ने यक्ष प्रश्न विचारणीय छ । अश्लीलता र सामाजिक सद्भाव खलबलाउने कार्यमा टिकटक र त्यसका प्रयोगकर्ताहरूमध्ये बढी दोषी को हो ? आदि प्रश्नहरू खडा भएका छन् ।

**उदाहरण नं १ :** रेलवे स्टेशन, बसपार्क, बजार आदि भीडभाड हुने स्थानमा मनोरञ्जनात्मक शैलीमा मदारीले विभिन्न सामग्रीहरू बेच्ने गरेको दृश्यावली समुदायलाई अवगत नै छ । मनोरञ्जनको नाममा शुरू हुने मदारीको खेल मनोवाञ्छित व्यापार गरेर समाप्त हुन्छ । शुरूमा मदारीले दर्शकदीर्घामा मनोरञ्जनात्मक जादु कला प्रदर्शन गरिरहेको भान गराउँछ । उसले दर्शकहरूको बढीभन्दा बढी भीडको अपेक्षा गर्छ । सोहीअनुरूप खेललाई मनोरञ्जनात्मक शैलीमा प्रस्तुत गर्छ । बिस्तारै मानिसहरूको घुइँचो बढ्न थाल्छ । खेलमा मानिसहरू मन्त्रमुग्ध हुन थालेपछि अचानक मुसा मार्ने औषधिको गुणगान गर्दै केही पाकेट निश्शुल्क वितरण गर्छ । लोभवश दर्शकहरूको तर्फबाट माग गर्दै थुप्रै हात एकसाथ अघि बढ्छन् । यो परिदृश्यले मदारी मनमनै गद्गद् हुन्छ । किनभने कुनै पनि प्रकारले दर्शकहरूलाई सम्मोहित गर्नु र सामग्री बेच्नु नै मदारीको प्रमुख लक्ष्य हुन्छ ।

मदारीले धुत्याईं गर्छ । आवश्यकता भएका मानिसहरूका हातमा औषधि जाओस् भन्ने मनोभाव प्रकट गर्छ । प्रतिपाकेट औषधिको दाम बताउँछ । केही दर्शकहरूले मदारीलाई रुपैयाँ दिन्छन् र

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

मुसा मार्ने औषधि लिन्छन् । केहीबेरपछि मदारीले पैसा फिर्ता गर्छ । मदारीद्वारा दर्शकहरूलाई मनोरञ्जनात्मक शैलीमा सम्मोहित गर्ने क्रम चलिरहन्छ । अन्तमा मुसाको औषधिझैं लक्षित सामग्रीको गुणगान गर्न थाल्छ । विभिन्न प्रकारका अभिनयहरू गर्छ । दर्शकहरूबाट पुनः हातहरू अघि बढ्छन् । यहीं मौकामा मदारीले मूल्य बताउँछ । दर्शकहरूले मुसाको औषधिझैं पछि पैसा फिर्ता गर्ला भन्ने अनुमान लगाउँछन् । तर यसपटक पैसा फिर्ता गरिंदैन । खेल समाप्त हुन्छ ।

**चेपुवामा युवा पुस्ता**

प्रयोगकर्ताहरूका लागि टिकटक आआफ्नो कला र क्षमता प्रदर्शन गर्ने मञ्च हुन सक्छ । तर टिकटक सञ्चालकको लागि यो एक व्यवसाय हो । व्यवसायीले सधैं ग्राहकको भीडको अपेक्षा गर्छ । जति बढी क्रेता हुन्छन्, त्यति बढी बिक्री र नाफा हुन्छ । यसको लागि व्यवसायीले थरीथरीका युक्तिहरू प्रयोग गर्छन् । प्रयोगकर्ताहरूले टिकटकलाई आर्थिक आम्दानीको स्रोतको रूपमा आत्मसात् गरेको पाइन्छ । तर नेपालमा कति टिकटक प्रयोगकर्ता छन् ? सोमध्ये कति प्रतिशत प्रयोगकर्ताले आम्दानी गरिरहेका छन् ? र टिकटकमा कसले कति समय व्यतीत गरिरहेको छ ? भन्ने प्रश्नको उत्तर नेपाल सरकारको आधिकारिक निकायहरूसँग छैन ।

मनोरञ्जनको नाममा आफ्नो अमूल्य समय सामाजिक सञ्जालहरूमध्ये टिकटकमा बढी बर्बाद गर्ने प्रयोगकर्ताहरूको सङ्ख्या उच्च छ । यो होडमा सबै उमेर समूहका महिला, पुरुष संलग्न रहे तापनि युवा तथा विद्यार्थीवर्ग बढी प्रभावित देखिन्छन् । उनीहरूको भौतिक शरीर विद्यालयमा उपलब्ध रहे तापनि ध्यान सामाजिक सञ्जालमा केन्द्रित रहने अवस्था छ । पढाईभन्दा सामाजिक सञ्जाल अमूल्य हो भन्ने मानक स्थापित हुँदैछ । घर, विद्यालय, कार्यालय आदि सबै क्षेत्र टिकटकले प्रभावित भइरहेको अवस्था छ । सामाजिक सञ्जालमा टाँसिइरहने कुलतमा समाज फस्दै गइरहेको छ । रातिको बेला निद्रा नलागेसम्म सामाजिक सञ्जालमा घोत्लिरहने प्रवृत्तिले स्वास्थ्य र दीर्घायुको कल्पना गर्न सकिन्न । अहिलेको परिवेश हेर्दा भविष्यमा मानिसहरू स्वतन्त्रताको नाममा इच्छाबमोजिम जतिबेला मन लागे सुत्ने, उठ्ने र काम गर्नेबारे बहस गर्न सक्ने सम्भावना विचारणीय छ । सम्भवतः भविष्यमा स्वास्थ्यको दृष्टिकोणले उत्तम दिनचर्याको कुनै महत्त्व हुँदैन ।

**उदाहरण नं २ :** एउटा सिंह असाध्यै भोको महसूस गरिरहेको थियो । उसले आफ्नो ओडारबाट बाहिर निस्केर यताउति शिकारको खोजी गर्न थाल्यो । उसको दृष्टि एउटा सानो खरायोमाथि पऱ्यो । क्षणभरमैं उसले खरायोलाई समात्यो । यसै क्रममा एउटा हरिण उफ्रिंदै गइरहेको सिंहले देख्यो । खरायोलाई छाडेर हरिणतर्फ दौड्यो । आफूतिर सिंह दौडिरहेको भान हुने बित्तिकै हरिणको गति तेज भयो । केहीबेरमैं हरिण जङ्गलभित्र हरायो । सिंह शिकार गर्न असफल भयो । फर्केर आउँदा खरायो पनि बेपत्ता भइसकेको थियो । सिंहको भोक मेटिएन । सिंहलाई पछुतो गर्नुको विकल्प थिएन ।

अहिले युवा पुस्ताको रवैया उपरोक्त कथाको सिंह जस्तै छ । बाल्यकाल र जवानी गुमाइसकेपछि बुढेसकालमा पछुताउनुको विकल्प हुँदैन । युवा पुस्ता पढाइसँगै टिकटकबाट अतिरिक्त आम्दानी गर्ने लोभले न गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्छ, न टिकटकबाट कुनै उपलब्धि हुन सक्छ । सामाजिक सञ्जाल अरूको सम्पत्ति हो । उसले जतिबेला मन लाग्छ, बन्द वा बिक्री गर्न सक्छ । तर शिक्षा ग्रहण गर्नु व्यक्तिको निजी सम्पत्ति हो । अधिकांश प्रयोगकर्ताहरूले अतिरिक्त आम्दानीको स्रोतको रूपमा टिकटकलाई ग्रहण गरेको पाइन्छ । त्यस कारण भिडियो भाइरल गर्ने निहुँमा अश्लील क्रियाकलाप बढिरहेको अवस्था छ । सामाजिक सञ्जालहरूमध्ये टिकटक प्रयोगकर्ताहरूको प्रतिस्पर्धालाई हेर्ने हो भने सन्देशमूलक क्रियाकलापभन्दा कयौं गुणा बढी अभद्र क्रियाकलापमा केन्द्रित छन् ।

**संस्कृतिमाथि प्रहार**

सामाजिक सञ्जालका कारण युवा जोश, जाँगर र पराक्रम गलत दिशामा लम्किरहेको सत्यतालाई नकार्न सकिंदैन । हुनत टिकटकमा हरेक उमेर समूहका महिला, पुरुषहरूको उपस्थिति छ । सामाजिक सञ्जालका निर्माताहरू मदारीको खेलझैं आफ्नो उद्देश्यमा सफल छन् । प्रयोगकर्ताहरू सिंहझैं प्रमुख लक्ष्यबाट वञ्चित भइरहेका छन् । नितान्तरूपमा कुलत र विसङ्गतिजन्य हर्कतबाट मुक्त रहने पहिलो दायित्व प्रयोगकर्ताको हो । त्यसपछि परिवार, समाज र सरकारको हो । किनभने प्रयोगकर्ताहरूको अघिपछि र हरपल न परिवार, न समाज न सरकार हुन सक्छ ।

टिकटक केही प्रयोगकर्ताहरूका लागि आफ्नो कला साझा गर्ने मञ्च त केहीका लागि आर्थिक उन्नतिको बाटो होला । यद्यपि जुन प्रकारले मानवीय ध्यान तान्नको लागि नेपाली सभ्यताविरुद्धका क्रियाकलापले प्रश्रय पाइरहेको छ, त्यसले नेपाली संस्कृतिलाई छियाछिया पारिरहेको छ कि छैन ? यस प्रकारको सङ्क्रमण नेपाली समाजमा घातक महारोगको रूपमा झाङ्गिंदै गइरहेको छ कि छैन ? सामाजिक सञ्जालहरूको माध्यमबाट नेपाली संस्कार र संस्कृतिमाथि जघन्य प्रहार भइरहेको भन्न मिल्छ कि मिल्दैन ?

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

आफ्ना प्राकृतिक गुणहरू फलून् फुलून् यही नै जीवनको लक्ष्य हुनुपर्छ।

भगवान् श्रीकृष्ण गीतामा भन्नुहुन्छ– आफ्नो स्वधर्ममा बाँच। हरेक मानिसमा कुनै न कुनै जन्मजात प्रतिभा लुकेर बसेको हुन्छ । जब उसले आफ्नो त्यो प्रतिभाको विकास गर्छ, तब उसले अर्को व्यक्तिसँग प्रतियोगिता गर्नेबारेमा सोच्दा पनि सोच्दैन । ऊ आफ्नो त्यही गुणलाई निखार्नतिर लाग्छ। उसलाई यस्तो लाग्छ कि अर्को, अर्को हो। म, म नै हुँ। हामी दुईबीच कुनै प्रतिस्पर्धा नै छैन।

ओशो भन्नुहुन्छ– गुलाबको फूल, गुलाबको फूल हो । चमेलीको फूल चमेलीको फूल हो । यिनीहरूमा कुनै प्रतिस्पर्धा छैन । कमलको फूलले सयपत्रीको फूललाई 'म ठूलो छु, तँ सानो छस्' भनेर कहिल्यै भन्दैन।

परीक्षामा असफल भएर समाजमा मुख देखाउन लाज भएपछि प्रत्येक वर्ष हाम्रो देशमा केही विद्यार्थीहरूले आत्महत्या गरेका समाचार देख्न र सुन्न पाइन्छ। यस्तो कार्य विद्यार्थीहरूको कमजोरी नभएर हाम्रो शिक्षा प्रणाली सही नभएर भएको हो किनकि विद्यार्थीलाई आत्महत्या तथा अवसादतर्फ लैजाने शिक्षा प्रणालीलाई राम्रो मान्न सकिँदैन। सही शिक्षा प्रणाली यस्तो हुन्छ कि हरेक विद्यार्थीलाई हामी यो भन्न सकौं कि तिमी आजभन्दा भोलि अझ राम्रो बन, तर अरूसँग प्रतिस्पर्धा नगर।

हाम्रो शिक्षा प्रणालीको बारेमा वैज्ञानिकहरूले मजाक उडाउँदै भनेका छन् कि हाम्रो शिक्षा प्रणाली यस्तो छ, जस्तो हामीहरू माछाहरूलाई भनिरहेका छौं कि बाँदरहरू रूखमा चढिरहेका छन्, तिमी भने पानीमा पौडिरहेका छौ । तिमी पनि रूख चढ्न सिक । फेरि बाँदरलाई भनिराखेका छौं कि तिमी केवल रूखहरूमा उफ्रिरहेका छौ, पानीमा पौडिन सिक । हामीले सबै पशुपक्षी, कीटपतङ्ग, रूखबिरुवाहरूलाई प्रतिस्पर्धा गर्न सिकाइदिने हो भने उनीहरूको के गति होला ? यदि उनीहरू प्रतिस्पर्धा गरिरहेका छैनन् भने हामी मानव भएर एकापसमा किन प्रतिस्पर्धा गरिरहेका छौं ? यो कुरा हामीले बेलैमा विचार गर्नुपर्छ।

ओशो भन्नुहुन्छ– अरूसँग प्रतिस्पर्धा गर्नुहुँदैन। स्वभावतः जति राम्रो तपाईं हिजो हुनुहुन्थ्यो, आज त्योभन्दा राम्रो बन्नुहोस् । यस प्रकार अगाडि बढ्ने प्रेरणाको स्रोत आफ्नै अतीतलाई बनाउनु राम्रो हुन्छ । अरू व्यक्तिसँगको प्रतिस्पर्धालाई प्रेरणाको स्रोत बनाउनु राम्रो कुरा होइन।

महत्त्वाकाङ्क्षीको मतलब अरूभन्दा अगाडि निस्कने दौडमा उत्सुकता भएको मानिस भन्ने बुझिन्छ। जब कसैले भन्छ कि म शहरको सबैभन्दा धनी मानिस बन्छु, तब हामी उसलाई महत्त्वाकाङ्क्षी भन्छौं। ऊ अरूसँग प्रतिस्पर्धामा छ। यसको मतलब यो एकजना धनी बन्नको लागि बाँकी सबैजना ऊभन्दा गरीब बन्न जरुरी छ। यो मानिस अरूलाई गरीब बनाएर मात्र आफू धनी बन्न सक्छ। यो राम्रो काम होइन।

देशको जनसङ्ख्या धेरै छ। त्यो धेरै जनसङ्ख्यामध्ये एकजना मानिस मात्र प्रधानमन्त्री बन्न सक्छ। कसैले 'तिमी पनि प्रधानमन्त्री बन्न सक्छौ' भनी दिएको भरमा हामी पनि त्यसैको पछि लागेर 'म पनि प्रधानमन्त्री बन्छु' भन्न थाल्यौं भने त्यो राम्रो काम भएन । पुरानो जमानामा उति महत्त्वाकाङ्क्षा थिएन । सबैलाई थाहा थियो कि राजाको छोरो नै भावी राजा हुन्छ। राजाका छोराहरूमध्ये नै प्रतिस्पर्धा हुनेछ। इतिहासमा हामी पढ्न सक्छौं कि औरङ्गजेबले आफ्ना सबै भाइलाई मारेर स्वयम् राजगद्दीमा बस्यो। यसको लागि उसले आफ्नो पिता शाहजहाँलाई पनि जेलमा बन्द गरिदियो। तर सबैलाई थाहा थियो कि शाहजहाँकै छोराहरूमध्ये नै कोही न कोही राजा बन्नेछ । अरू कसैलाई पनि राजा बन्ने पागलपन थिएन।

खासगरी मुलुकमा प्रजातन्त्र आएपछि यस्तो खालको पागलपन सर्वव्यापी भएको छ। सबै व्यक्ति सांसद बन्ने र मन्त्री बन्ने दौडमा लागेको देख्न सकिन्छ। केही भएन भने गाउँपालिका अध्यक्ष वा नगरपालिकाको प्रमुख नै बनिहालूँ। त्यो पनि नभए वडाको अध्यक्ष नै भएपनि बनिहालूँ। आजभोलि महत्त्वाकाङ्क्षा धेरै फैलिएको छ। मानिसहरू शिक्षित भएसँगै संसारमा सुखशान्ति बढेको देखिएन । बरु विसङ्गति तथा निराशा भने चारैतिर देखिएका छन्।

आजको शिक्षा प्रणालीमाथि ओशोले प्रश्नचिह्न लगाउनुभएको छ। अब हामीले यो प्रणालीमाथि पुनर्विचार गर्नुपर्छ। अब हामी सही दिशामा जानुपर्छ । उहाँ भन्नुहुन्छ– आजसम्म जति पनि राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, वैज्ञानिक क्रान्ति भए, ती क्रान्तिहरूले शान्ति ल्याउन सकेनन्, जसको आशा क्रान्तिको बेलामा उनीहरूले हामीहरूलाई दिलाएका थिए । यो चमत्कार केवल एउटा क्रान्तिले मात्र गर्न सक्छ, त्यो क्रान्तिको नाम हो– शिक्षामा क्रान्ति। आजसम्मको इतिहासमा कसैले पनि यतातिर ध्यान दिएको देखिंदैन। अब शिक्षाको आधारभूत मूल्यमाथि विचार गर्नुपर्छ, यसमाथि चिन्तन तथा मनन गर्नुपर्छ। माथि माथिको सतही परिवर्तन हैन, बिल्कुल आधारभूत कुराहरूलाई बदल्नुपर्छ । हामीले हाम्रो जगलाई नै बदल्नुपर्छ, तबमात्र त्यसको माथि हामीले दह्रो घर बनाउन सक्नेछौं।

जब हामीले कसैमाथि नियम, कानून, सिद्धान्त थोपर्छौं, तब त्यसले एउटा मिथ्या आचरण निर्माण गर्छ। यहाँबाट एउटा पाखण्ड शुरू हुन्छ। त्यस व्यक्तिको मनमा अर्कै कुरा हुन्छ, उसको विचार तथा इच्छा अर्कै हुन्छ तर बाहिरबाहिर उसले औपचारिकता मात्र निभाइरहेको हुन्छ। अरूलाई देखाउनको लागि अर्कै र स्वयम् आफूभित्र भने अर्कै हुन्छ। ऊभित्र एउटा खण्डित व्यक्तित्व पैदा हुन्छ । यो नै मनोरोगको कारण हो।

क्रमशः

# व्यक्तित्व विकृति वा पर्सनालिटी डिजार्डर–३

पाठकवृन्द ! गताङ्कमा नार्सिसिस्टिक पर्सनालिटी डिजार्डरसम्म पुगेका थियौं। अब त्यसपछि–

**७ : भावनात्मक अस्थिर व्यक्तित्व विकार वा इमोशनली अनस्टेबल पर्सनालिटी डिजार्डर :** जसरी यसको नामले नै थाहा हुन्छ कि यो भावुकताको बिमारी हो, जसमा भावुकताले व्यक्तिमा एउटा संवेग पैदा गर्छ, जसको वशीभूत मान्छे परिणामको कुनै विचार नगरी कार्य गर्छ । यो दुई प्रकारको हुन्छः इम्पल्सिभ र बोर्डरलाइन टाइप । इम्पल्सिभमा मानिस आफ्नो आलोचना सहन गर्न सक्दैन। आलोचनाको विरोधमा यस्तो शक्तिशाली इम्पल्स पैदा हुन्छ, जसलाई रोगीले आफ्नो वशमा पार्न सक्दैन। त्यो संवेग क्रोधावेशमा बदलिन पुग्छ, जसले गर्दा मानिसले हिंसात्मक र थर्काउने खालको व्यवहार गर्छ । बोर्डरलाइनमा अस्थिर भावुकता त हुन्छ नै, मानिसको छवि, लक्ष्य र उसको सेक्सलगायत सबै लक्षण अस्पष्ट र विशृङ्खलित हुन्छ। यसमा मानिस लामो समयसम्म खालीपन महसूस गर्छ। कडा र अस्थिर खालको सम्बन्धले मानिस घरीघरी समस्यामा पर्छ । रोगी आत्महत्या र विनाकारण अरूलाई नोक्सान पुऱ्याउन उद्धत रहन्छ । बोर्डरलाइनका लक्षण निम्नलिखित छन्: उल्लेखनीय र हरदम कायम रहने पहिचानको गडबडी र जीवनको ठूलो मुद्दामा पनि उल्लेखनीय अनिश्चितता । उद्दण्ड, अस्थिर र आवेगात्मक क्रियाकलाप। अस्थिर आवेग रूप बदलेर क्रोधमा विस्फोट हुन्छ। यसमा मानिस खालीपन महसूस गरेर एक्लै बसिरहन्छ। यसको अलावा आफैंलाई नोक्सान गर्ने प्रवृत्ति, आत्महत्या र दुर्घटनातिर बढी झुकाव पनि हुन्छ। यसको उप-प्रकारः गतिशील सिजोफ्रेनिया र स्युडो अथवा झूटो न्युरोटिक सिजोफ्रेनिया पनि आउँछ, जुन पहिले सिजोफ्रेनियाको उप–प्रकार मानिन्थ्यो । यिनैलाई आजकाल बोर्डरलाइन पर्सनालिटी डिजार्डरको उप–प्रकारमा राखिएको छ । यसमा नार्सिसिस्टिक र एन्टिसोशल पर्सनालिटी डिजार्डरका लक्षण पनि मिसिएको हुन सक्छ । यसको उपचारमा पनि त्यही साइकोएनालिटिक साइकोथेरापी र सपोर्टिभ साइकोथेरापी गरिन्छ। यसमा रोगीमा अक्सर कडा खाले डिप्रेशन देखिन्छ, जसको लागि एन्टिडिप्रेसेन्टले कसैकसैमा राम्रो काम गर्छ।

**८. एभ्वायडेन्ट पर्सनालिटी डिजार्डरः**


यसलाई एंक्सियस पर्सनालिटी डिजार्डर पनि भनिन्छ किनभने यसबाट ग्रसित मानिसमा चिन्ता र परेशानीको लक्षण पनि देखिन्छ । यहाँ पनि निम्नलिखित लक्षणहरूमा कुनै तीनको उपस्थिति आवश्यक छः व्यापक र निरन्तर तनाव र भय, यो विश्वास कि सामाजिकरूपले अनुचित, अनाकर्षक र निम्न स्थानमा छु, आलोचित र सामाजिक बहिष्करणमा पर्ने कुराप्रति पूर्वधारणा बनाइरहने। जबसम्म कसैले रुचाउने वाचा गर्दैन, तबसम्म जनसमक्ष उपस्थित हुन नचाहने, असुरक्षाको भावनाले जीवनवृत्ति सीमित पार्ने, असुरक्षा, असहमति र बहिष्करणको डरले सामाजिक कार्य, नोकरी र व्यापारको उपेक्षा, जसले गर्दा व्यक्तिगत सम्बन्धमा उल्लेखनीय कमी हुने आदि।

वाटिका



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**एननकास्टिक ग्रीक शब्द एननकास्टोसबाट आएको हो, जसको अर्थ हुन्छ फोर्सफुल वा बढी बल लगाउने। यसको मतलब यसको रोगीमा कडा लक्षण देखिन्छ, जसमध्ये कुनै तीन हुनु आवश्यक हुन्छ, यथाः आवश्यकताभन्दा बढी शङ्कालु र सावधान रहनु।**



यस्तो अवस्थामा आलोचना र बहिष्कारको डरप्रति रोगी बढी संवेदनशील हुन्छ। जबसम्म रोगी निश्चित हुँदैन कि उसको आलोचना हुँदैन, तबसम्म सम्बन्ध बनाउने काममा ध्यान दिँदैन। यसलाई वास्तवमा इन्फेरियरिटी कम्प्लेक्सको सङ्क्षिप्त रूप भन्न सकिन्छ। यसको उपचारमा व्यक्तिगत र ग्रुप साइकोथेरापी तथा व्यवहार थिरेपी मुख्य हुन्।

**९. डिपेन्डेन्ट वा गुलाम पर्सनालिटी डिजार्डरः**

यसको नामले नै ध्वनित हुन्छ कि यसमा रोगी अरूको गुलाम वा मुखापेक्षी हुन्छ। यसका निम्नलिखित लक्षण हुन्, जसको निदानका लागि तीन चीजको उपस्थिति अनिवार्य हुन्छ, यथाः आफूसम्बन्धी निर्णयमा पनि अरूलाई मन्जुरी दिने। अत्यावश्यक जरुरतको परिपूर्तिको लागि पनि अरूको सहयोग खोज्ने र आफ्नो इच्छापूर्तिका लागि अरूलाई अनुनय–विनय गर्ने। जनताको मागमा अनिच्छुक रहने र अपहेलना गर्ने। एक्लै बस्दा असुरक्षाको भयले असहज महसूस गर्ने। निकट सम्बन्धी जो रोगीको देखभाल गर्छ, उसले छोडिदिन्छ भन्ने पूर्वअनुमान गरेर भयभीत हुने। अरूको सल्लाह र बारम्बार विश्वास नदिलाए दैनन्दिनको निर्णय पनि लिन नसक्ने आदि। यसमा मानिसको कुनै पनि प्रस्तुति धेरै असहाय र अक्षम हुनुका साथै उसको उत्साहमा प्रशस्त कमी देखिन्छ। यसमा एभ्वायडेन्ट र नार्सिसिस्टिक पर्सनालिटी डिजार्डरका लक्षण पनि मिसिएका हुन्छन्। रोगीले अरूसँग सम्बन्ध बनाए पनि उसको परिणाम दण्डात्मक हुन्छ। यसको उपचार व्यक्तिगत र ग्रुप थेरापी तथा व्यवहार थेरापी तथा सकारात्मक प्रशिक्षण नै हो। यसमा उपचारले राम्रो परिणाम दिन्छ।

**१०. अब्सेसिभ कम्पल्सिभ पर्सनालिटी डिर्जाडर :**

यसलाई एननकास्टिक डिजार्डर पनि भनिन्छ । एननकास्टिक ग्रीक शब्द एननकास्टोसबाट आएको हो, जसको अर्थ हुन्छ फोर्सफुल वा बढी बल लगाउने । यसको मतलब यसको रोगीमा कडा लक्षण देखिन्छ, जसमध्ये कुनै तीन हुनु आवश्यक हुन्छ, यथाः आवश्यकताभन्दा बढी शङ्कालु र सावधान रहनु । कुनै नियम, सूचीक्रम वा समयसूचीप्रति पूर्वाग्रह राख्नु । आवश्यकताभन्दा बढी शुद्धता खोज्नु जसले गर्दा कुनै पनि काम पूरा हुँदैन । आफूलाई अत्यधिक विवेकवान् ठान्ने, अत्यधिक संशयशील र अनावश्यक पूर्वाग्रही हुने जसले गर्दा सुखद सम्बन्धमा पनि रोकावट आउँछ । अत्यधिक मिथ्याभिमान तथा कुनै पनि सामाजिक समारोहमा टाँसिइरहन जिद्दी गर्ने । जिद्दीपन र कठोरता । अरूले उसको तरीका प्रयोग गरेको छ भने जिद्दी गरेर विनाकारण काम गर्न स्वीकृति नदिने । यो अब्सेसिभ कम्पल्सिभ डिजार्डरले ग्रसित व्यक्तिमा र धेरैजसो पुरुषमा देखिन्छ, जसमा कडा डिप्रेशनले पनि च्यापेको हुन्छ। यसमा रोगीको इन्साइट उपस्थित हुने हुँदा उपचार गराउन आफैं चिकित्सककहाँ आउँछ। यसको उपचार साइकोएनालिसिस र ग्रुप थेरापी हो।

**११. पैसिभ एग्रेसिभ डिजार्डर अथवा निष्क्रिय क्रोधावस्था र व्यक्तित्व विकृतिः**

निष्क्रिय क्रोध भनेको के हो ? एउटा महिला लोग्नेसँग रिसाउँछे तर पिट्न थाल्छे बच्चाहरूलाई । सासू बुहारीसित रिसाउँछे तर थर्काउन थाल्छे छोरीलाई। गाँधी विद्रोह त अङ्ग्रेजको गर्छन् तर अनशन बस्छन् आफ्नै शरीरविरुद्ध । शिक्षकले प्रधानाध्यपकको रिस कक्षाका विद्यार्थीलाई कुटेर निकाल्छ। कर्मचारी आफ्नो माग मुर्मुरिएर, काममा ढिलासुस्ती देखाएर पूरा गराउन खोज्छ। पति–पत्नीबीच बोलचाल बन्द छ । कुनै कुरा आफूले नभनेर छोराछोरीबाट भन्न लगाउँछन्। यही हो निष्क्रिय आक्रामकता, जसमा एग्रेशन वा आक्रामकतालाई भित्रै दबाएर व्यक्त गरिन्छ । यस प्रकारको विवरण सर्वप्रथम १९६७ मा आर स्पिलेजले उद्घाटन गरेका थिए। यसलाई पर्सनालिटी डिजार्डरमा सूचीबद्ध गरिएको छैन तर हो पर्सनालिटी डिजार्डर नै । यसका निम्निलखित लक्षण छन्: निरन्तर र उलेख्यरूपले आफ्नो माग पूरा गराउन परोक्ष प्रतिरोध गर्ने । जानीबुझी अटेर गर्ने, आफूलाई अक्षम देखाउने, विलम्ब र ढिलासुस्ती गर्ने, अन्यायिक विरोध गर्ने, बिर्सेको ढोङ गर्ने आदि लक्षणलाई आफ्नो लक्ष्यप्राप्तिको औजार बनाउने। यी लक्षणलाई डिपेन्डेन्ट पर्सनालिटी डिजार्डरका लक्षणले छोपेको हुन सक्छ। यसका साथै यस्ता रोगीमा सेकेन्ड्री डिप्रेशन पनि हुन्छ। सपोर्टिभ, ग्रुप थेरापी र सीप तथा सकारात्मक प्रशिक्षण यसको उपचार हो।

पाठकवृन्दले सम्झना गर्नुपर्ने बेला आएको छ कि गताङ्कमा उपरोक्त सबै स्पेसिफिक पर्सनालिटी डिजार्डरका प्रकारको वर्णन गरियो । अब दोस्रो प्रकारको वर्णनमा आउनुस्, जसको नाम हो एन्डचुरिङ वा खप्न सक्ने पर्सनालिटी डिजार्डर । यसको वर्णन र प्रकार स्पेसिफिकजस्तो ठूलो छैन। यसमा मानिस पहिलेदेखि कुनै पनि पर्सनालिटी डिजार्डरबाट ग्रसित हुँदैन, बरु उसको परिवर्तित चालढाल कुनै विप्लव, भयानक विपत्ति वा लामो समयसम्म तनावमा रहेपछि मात्र हुने पर्सनालिटी डिजार्डर हो, जसले पहिलेदेखि रोग नभएका मानिसलाई पनि ग्रस्त पार्छ। यो मानसिक रोगमा नयाँनयाँ सूचीबद्ध भएको डिजार्डर हो । क्रमशः

## नवप्रज्ञापन शताङ्क ...

योञ्जन तामाङको 'नवप्रज्ञापनप्रति हार्दिक नमन !', प्रमोद पाण्डेले 'नवप्रज्ञापनसँग बिताएको २५ वर्ष', विनय अर्यालले 'धेरै धेरै सम्झना', अरुणबहादुर खत्री नदीले 'पहिलो अङ्कदेखि नै चिनेको हुँ', राजेश मानन्धरले 'डटपेनले सोध्छ मलाई', रवीन्द्र तामाङले 'प्रज्ञापनदेखि नवप्रज्ञापनसम्म', सानुराजा अनजानले 'मन स्मृतिकै बाटो समाउन खोज्छ', हरिप्रसाद पाण्डेले 'हरिप्रसाद पाण्डेय', रामविनयले 'शुभयात्रा नवप्रज्ञापन', गगनदीप सर्वले 'तीन दशकको त्यो इन्द्रेणी', देवेन्द्र अर्याल आँसुले 'नेपाली साहित्यिक पत्रकारिता र नवप्रज्ञापन', रामणि दुवाडीले 'शुभकामना नवप्रज्ञापन', रमेश कँडेलले 'शुभकामना तिमीलाई !', राधा कँडेलले 'स्मृतिमा डुब्दै रमाउँदै', गोपाल फचुवाले 'नवप्रज्ञापनसँग म', डा नवीनबन्धु पहाडीले 'नवराज, नवप्रज्ञापन र कविताको भन्ज्याङ', भगवती अधिकारीले 'मैले चिनेको नवप्रज्ञापन' तथा ललिता दोषीले 'म सम्पादकीयले तानिने गर्छु' शीर्षकमा शुभकामनाका शब्दहरूले नवप्रज्ञापनलाई ओतप्रोत पार्ने काम गरेका छन्। यसैगरी, विश्वप्रेम अधिकारीले 'स्याङ्जाको सम्झना', सदानन्द अभागीले 'नवप्रज्ञापनभित्र नवप्रज्ञापन', मिलन समीरले 'नामै काफी छ', माधव घिमिरे अटलले 'साहित्यको सुगम पाठशाला', विश्वराज न्यौपानेले 'सम्पादकीयले छोएको मन', गायत्री लम्सालले 'आँखाभित्र आँखा', टीकाराम उदासीले 'हार्दिक शुभकामना', खिमानन्द पोखरेलले 'सपष्त ऋष्त म नवप्रज्ञापन' तथा रमेश समर्थनले '...बधाईपत्र' शीर्षकमा शुभकामना सन्देश नवप्रज्ञापनलाई अर्पण गरेका छन् । यसैगरी, केबी सिम्पलले 'सय अङ्कको शुभकामना', वीरबहादुर चन्दले 'मनभरिको शुभकामना', रामचन्द्र नेपालले 'यो आँटिलो यात्रा !' शीर्षकमा शुभकामना दिएका छन्।

नवप्रज्ञापनले 'नेपालबाहिर' शीर्षकमा पनि मन्तव्य समेटेको छ। तँ तँ धितालले 'नेपाली भाषासँगको प्रेममा ...', विष्णु शास्त्रीले 'दीर्घायुको शुभकामना', कृष्ण बजगाईंले 'परदेशको आँखाबाट नवप्रज्ञापन' शीर्षकमा विभिन्न देशबाट शुभकामना र मन्तव्य दिएका छन्।

वास्तवमा नवराज रिजालको एउटा साहसिक यात्राको सुन्दर सन्तानको रूपमा नवप्रज्ञापन देखिएको छ। सय अङ्कसम्मको यो निकै सङ्घर्षपूर्ण यात्राले देशको एक सफल साहित्यिक पत्रकारको रूपमा रिजाललाई स्थापित गरेको छ । एक अर्थमा शताङ्क प्रकाशन रिजालको साहित्यिक पत्रकारिताको स्वसम्मान पनि हो, अभिमान पनि हो। नवराज रिजालले गरेको यात्रालाई साँच्चीकै सलाम छ।



तराईमा दाजुभाइ तथा दिदीबहिनीबीचको प्रेमको प्रतीक मानिएको सामाचकेवा पर्व शुरू भएको छ । यस पर्व पञ्चमीदेखि शुरू भई १० दिनसम्म मनाइन्छ भने ११औं दिन पूर्णिमाको रात सामाचकेवालाई विसर्जन गरिन्छ।

दाजुभाइको दीर्घायुको कामना गर्दै सामाचकेवा खेल्ने गरिन्छ। दिदीबहिनीले समूहमा गीत गाउँदै गाउँका खेतमा गएर दाजुभाइका हातबाट खनेर ल्याएको माटोलाई गिलो पारी विभिन्न प्रकारका कलात्मक सामाचकेवा बनाउँछन्। त्यसपछि विभिन्न रङले रङ्गीचङ्गी बनाउँछन् । बाँसको डालामा राखेर दियो बाली चौबाटो, विद्यालय, मन्दिर र छठघाटमा लगेर १० दिनसम्म गीतसहितको नृत्य गर्दै चेलीबेटीले सामाचकेवा खेल्ने गर्छन्। शब्दचित्रः नितेश कर्ण

# अन्तर्राष्ट्रिय समाचार

## इजरायल र हमासबीच युद्धविराम सम्झौता कार्यान्वयनको थालनी

गाजापट्टी, प्यालेस्टाइनी क्षेत्र, ८ मङ्सिर/एएफपी

इजरायल–हमास युद्धमा चार दिने युद्धविराम शुक्रवारदेखि लागू भएको छ।



इजरायली आक्रमणमा मारिएका हेजबोल्लाह सुप्रिमो मोहम्मद रादका छोरा अब्बास मोहम्मद रादको शववरिपरि हेजबोल्लाह लडाकाहरू। तस्वीरः एपी

हजारौंको ज्यान लिने गरी भएको सात हप्ताको युद्धपछि भएको युद्धविरामसँगै बन्धकहरूको बदलामा प्यालेस्टिनी कैदीहरूको रिहा गरिने भएको छ।

अक्टोबर ७ मा इजरायलमा हमासले गरेको घातक आक्रमणपछि शुरू भएको द्वन्द्व दुवै पक्षले स्थानीय समय अनुसार बिहान ७ बजेदेखि युद्धविराम गर्ने सम्झौतासँगै अस्थायीरूपमा रोकिएको छ।

शुक्रवार गाजामा बन्धक बनाइएका १३ जनालाई रिहा गरिने र त्यसपछि इजरायली जेलबाट केही सङ्ख्यामा प्यालेस्टिनी कैदीलाई रिहा गरिने कतारी मध्यस्थकर्ताहरूले बताएका छन्। प्यालेस्टिनी कैदीको यकीन सङ्ख्याबारे भने मध्यस्थकर्ताहरूले बताएका छैनन्।

चार दिनको अवधिमा कम्तीमा ५० जना बन्धक रिहा हुने अनुमान मध्यस्थकर्ताले गरेका छन्। यदि सहमति अनुसार चार दिनमा ५० जना बन्धकलाई रिहा गरेमा यसपछि अनुमानित अझै १९० जना बन्धक हमास लडाकू समूहको हातमा रहनेछन्।

सम्झौतामा उल्लेख भए अनुसार एक बन्धकबराबर तीनजना प्यालेस्टिनी कैदी अर्थात कुल १५० जना प्यालेस्टिनी कैदीलाई इजरायली पक्षबाट रिहा गरिने अपेक्षा गरिएको छ।

गाजाका २० लाखभन्दा बढी बासिन्दाका लागि यो सम्झौताले हप्तौंदेखि जारी इजरायली बमबारीबाट राहत प्रदान गरेको छ।

गाजा क्षेत्रमा शासन गर्दै आएको हमास सरकारले युद्धका कारण हालसम्म करीब १५ हजार प्यालेस्टिनीको मृत्यु भएको र अनगिन्ती विस्थापित भएका जनाएको छ।

हताहतको यकीन सङ्ख्या स्वतन्त्ररूपमा पुष्टि गर्न असम्भव छ, तर धेरै प्यालेस्टिनी र इजरायली परिवारहरूको लागि हिंसामा विराम हुन यस पहिले नै धेरै ढिलो भइसकेको थियो।

कतारका अधिकारीहरूले रिहा गरिएका १३ जना बन्धकमध्ये पहिलो समूहमा एउटै परिवारका महिला र बालबालिका रहेको बताएका छन्।

इजरायली ट्रमा विशेषज्ञ र चिकित्सकहरूको टोलीले उनीहरूलाई पर्खिरहेका छन्।

इजिप्टको एक सुरक्षा स्रोतले एएफपीलाई बताए अनुसार इजरायली सुरक्षा अधिकारी, अन्तर्राष्ट्रिय रेडक्रस–रेड क्रिसेन्टका कर्मचारी र इजिप्टको एक टोलीले इजिप्ट–गाजा सीमामा पर्ने राफामा बन्धकहरूलाई स्वागत गर्न खटाइनेछ।

एएफपीले हमासले सीमापार आक्रमणका क्रममा अपहरणमा परेका करीब २४० मध्ये २१० जनाको सनाखत भएको पुष्टि गरेको छ।

बन्धक बनाइएकामध्ये कम्तीमा ३५ जना बालबालिका थिए, जसमध्ये १८ जना हमासको आक्रमणको समयमा १० वर्ष वा सोभन्दा कम उमेरका थिए।

इजरायलले अक्टोबर ७ मा भएको आक्रमणमा करीब एक हजार २०० व्यक्तिको मृत्यु भएको जनाएको छ।

बन्धकहरू जीवितै छन् वा कुन अवस्थामा राखिएको छ भन्नेबारे सार्वजनिकरूपमा थोरै मात्र जानकारी छ।

"आक्रमण र कैदको बर्बर प्रकृतिलाई ध्यानमा राख्दै हामी केवल सबैभन्दा खराब परिस्थितिको लागि मात्र तयार हुन सक्छौं," बन्धक वार्तामा सहभागी भएका अनुभवी सेवानिवृत्त इजरायली सैन्य अधिकारी मोटी क्रिस्टलले भने।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले रिहा हुने र परिवारको सम्पर्कमा रहेकाहरूको नामको पहिलो सूची प्राप्त भएको जनाएको छ। सूचीमा को को छन् भन्नेबारे भने खुलाइएको छैन। रासस

## श्रीलङ्काद्वारा ऋण पुनर्संरचना सम्झौतापूर्व ब्याजदर कटौती

कोलम्बो, ८ मङ्सिर/एएफपी

श्रीलङ्काले विदेशी ऋणदाताहरूसँगको महत्त्वपूर्ण ऋण पुनर्संरचना सम्झौताअघि शुक्रवार दोस्रोपटक प्रमुख ब्याजदरमा कटौती गरेको छ।

गत वर्ष अप्रिलमा ४६ अर्ब अमेरिकी डलरको ऋण नतिरेको यो देशले सबैभन्दा आवश्यक वस्तुहरूको आयातको लागि विदेशी मुद्राको अभाव भएपछि टापु राष्ट्रका दुई करोड २० लाख मानिसको जीवन कष्टकर बनेको थियो।

गत वर्षको सङ्कटको चरमोत्कर्षमा रहेको बेला महीनौंदेखि जारी नागरिक विद्रोहको बलमा तत्कालीन राष्ट्रपति गोटबाया राजापाक्षेलाई राजीनामा दिन बाध्य पारिएको थियो।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले श्रीलङ्काको अर्थतन्त्र स्थिर हुने प्रारम्भिक सङ्केत देखिएको तर पुनरुत्थान 'अझै सुनिश्चित नभएको' बताएको छ।

श्रीलङ्काको केन्द्रीय बैंक (सिबिएसएल) ले शुक्रवार महत्त्वपूर्ण ऋण दरलाई एक प्रतिशत बिन्दुले घटाएर १० प्रतिशतमा झारेको छ भने वार्षिक मुद्रास्फीति डेढ प्रतिशतमा झरेको छ। निक्षेपको ब्याजदरमा पनि सोही अनुसार घटाएर नौ प्रतिशतमा झारिएको छ।

"मौद्रिक नीति समितिले बजारको ब्याजदर, विशेषगरी कर्जाको ब्याजदरमा मौद्रिक सहजताका उपायहरूको द्रुत र पूर्ण कार्यान्वयनको आवश्यकतामा जोड दिएको छ," बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

गत मार्चमा अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)सँग भएको दुई अर्ब ९० करोड अमेरिकी डलरको चार वर्षे कर्जा रकममध्ये ३३ करोड अमेरिकी डलरको दोस्रो किस्ता प्राप्त गर्न सरकार असफल भएपछि पछिल्लो कटौती गरिएको हो।

यद्यपि केन्द्रीय बैंकले द्विपक्षीय ऋणदाताहरू र निजी ऋणपत्रधारकहरूसँग अर्को महीनाको शुरूमा ऋण सम्झौता गर्ने आशा व्यक्त गरेको छ।

मार्चमा शुरू भएको आइएमएफ कार्यक्रमको पहिलो समीक्षापछि कोलम्बोले सेप्टेम्बरको अन्त्यसम्ममा कर्जाको दोस्रो किस्ता प्राप्त गर्न चाहेको थियो।

तथापि श्रीलङ्काले अन्य कुराहरूका साथै सहमत राजस्व लक्ष्यहरूभन्दा कम भएको र कर सङ्कलन बढाउन आवश्यक रहेको कोषले उल्लेख गरेको छ।

सिबिएसएलले जून, जुलाई र अक्टोबरमा तीनपटक गरिएको पछिल्लो दर कटौतीले अर्थव्यवस्थालाई पुनरुत्थान गर्न मदत गर्ने आशा व्यक्त गरेको छ। रासस

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – बेचैनी |
| मिथुन – मनोरञ्जन | कर्कट – कर्मप्राप्ति |
| सिंह – प्रगति | कन्या – वादविवाद |
| तुला – यात्रालाभ | वृश्चिक – कडाश्रम |
| धनु – ज्ञानोदय | मकर – भयचिन्ता |
| कुम्भ – विजय | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## एशियाली बैंकसँग रु १३ अर्ब ३३ करोड बराबरको ऋण सम्झौता

काठमाडौं, ८ मङ्सिर/रासस

सार्वजनिक वित्त व्यवस्थापन र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार र एशियाली विकास बैंक (एडिबी)बीच रु १३ अर्ब ३३ करोड (अमेरिकी डलर १० करोड) बराबर सहुलियतपूर्ण ऋण सम्झौता भएको छ।

शुक्रवार अर्थ मन्त्रालयमा आयोजित कार्यक्रमा अर्थसचिव कृष्णहरि पुष्कर र एशियाली विकास बैंकको नेपालका लागि देशीय निर्देशक अर्नौड काओसिसबीच सम्झौतापत्रमा हस्ताक्षर भयो।

"सार्वजनिक वित्त व्यवस्थापन र सुदृढ सेवाप्रवाहको विषय सरकारको मुख्य प्राथमिकतामा छ। सार्वजनिक वित्तको पुनर्संरचनासँगै वित्तीय सङ्घीयता कार्यान्वयनका लागि यो कार्यक्रमबाट मदत पुग्नेछ," सम्झौतापत्रमा हस्ताक्षरपछि अर्थसचिव पुष्करले भने, "चालू आर्थिक वर्षको बजेटबाट पनि सरकारले सुधारका विभिन्न कार्यक्रमहरूमार्फत सार्वजनिक वित्त व्यवस्थापन र सेवाप्रवाहलाई मजबूत बनाउन खोजेको छ।"

एडिबीका देशीय निर्देशक काओसिसले नेपालको वित्त प्रणालीलाई दिगो बनाउन र सरकारका आवधिक योजनालाई बढी प्रभावकारी बनाउन यो कार्यक्रमले सघाउने बताए। "सन् २०३० सम्ममा नेपाललाई मध्यम आय भएको मुलुक बनाउन तय गरिने मध्यमकालीन र दीर्घकालीन राष्ट्रिय योजनासँग यो कार्यक्रम जोडिएको छ," उनले भने।

नेपालले बजेटरी सहायताका लागि यो सहुलियतपूर्ण ऋण लिएको हो। सार्वजनिक वित्त व्यवस्थापन र सेवाप्रवाह सुदृढीकरण कार्यक्रमको पहिलो चरण कार्यान्वयन भइसकेको छ। यो ऋण रकम दोस्रो चरण अन्तर्गतका कार्यक्रम कार्यान्वयनका लागि लिइएको अर्थ मन्त्रालयले जनाएको छ। तीनवटै तहका सरकारको सार्वजनिक खर्च व्यवस्थापन तथा विकास बजेट प्रभावकारी कार्यान्वयनका लागि यो कार्यक्रमले मदत पुऱ्याउने ठानिएको छ। त्यस्तै, केन्द्र सरकारको सार्वजनिक ऋण व्यवस्थापनका लागि पनि प्रभावकारी भूमिका निर्वाह गर्ने जनाइएको छ।

## मधेसमा 'लबान' पर्व मनाइयो

महोत्तरी, ८ मङ्सिर/रासस

तराई/मधेसका जिल्लामा शुक्रवार 'लबान' (नयाँ अन्न प्रचलनमा ल्याउने) पर्व मनाइएको छ। अन्नबालीको उर्वर भूमि मानिने मधेसका जिल्लामा यज्ञादि होम गरेपछि वर्षभरिकै दैनिक उपभोग र शुभ कार्यमा अन्न चल्ने मान्यता रहिआएको छ। पूर्वीय मान्यतामा यावत अन्नलाई 'धान्यादि' भनिएको हुँदा मुख्य बाली धान होम गरेपछि सबै अन्न वर्षभरि प्रयोग गर्न सकिने मानिन्छ।

यस पर्व सामान्यतया नयाँ धान थन्क्याएपछि मङ्सिरभरि अनुकूलता अनुसार गर्न सकिने भएपनि कात्तिक शुक्ल एकादशी (हरिबोधनी) व्रतको साङ्गतासँगै जोडेर गरिने चलन बढी छ। पछिल्ला केही दशकयता मङ्सिरमा पाक्ने रैथाने (स्थानीय) जातका धानको सट्टा चाँडै पाक्ने (कात्तिकमैं) उन्नत जातका विकासे जातका धान लगाउने प्रचलन बढ्दै गएपछि कार्तिक शुक्ल द्वादशी तिथि पर्वका लागि व्यावहारिक पनि बन्दै गएको संस्कृतिविद् डा राजेन्द्रप्रसाद विमल बताउँछन्।

यस पर्वमा नयाँ धानको चिउरा कुटेर परिवारका सबै सदस्यले चिउरा, दूध र गुँड (सख्खर) पवित्र यज्ञको अग्निमा होम गरी भगवान् विष्णुलाई अर्पित गरेपछि शेषान्न (उब्रेको) प्रसादस्वरूप खाने चलन छ। यसरी यो विधिसँगै पुरोहितलाई भोजन गराइ दक्षिणा दिएर नयाँ अन्नको सिधा दान गरिन्छ। यो विधिपछि सबै अन्न वर्षभरि प्रचलन गर्न सकिने मान्यता छ। यो विधिमा ग्रामदेवता (डिहवारस्थान)को पूजा पनि गरिन्छ।

यो विधिलाई पहाडी परम्पराका हिन्दूले 'न्वागी खाने' भन्ने गरेका छन्। महोत्तरी जिल्लाको सुदूरउत्तरी क्षेत्रमा घरघरैजसो नवान्न (नयाँ अन्न, हिउँदे धान)को 'न्वागी' खाने विधि पनि धेरैजसोले आजै सम्पन्न गरे। मधेसी परम्परामा चिउरा मुख्य भोग लगाइने चलनजस्तै पहाडी परम्परामा भने नयाँ धानको चामल दही र सख्खरमा भिजाइएको परिकार खाइने परम्परा छ। यो परिकारलाई बोलीचालीमा 'भिजाएका चामल' भनिन्छ।

पर्वका अवसरमा घरघरका आँगनमा रहने तुलसीका मठनजीकै नयाँ धानको चामलमा घ्यू र तिल मुछेर वैदिक मन्त्रोञ्चारणसहित पुरोहितले होम गरेपछि नयाँ अन्न खानपिनमा वर्षभरि प्रयोग गर्न बाटो खुल्ने मान्यता रहँदै आएको छ। हिन्दूहरूको आदि भाषा संस्कृतमा सबै अन्नलाई 'धान्यादि' भनिएर अन्नको राजा धानको नयाँ फसल होम गरेर अग्नि देवतालाई चढाइएपछि सबै अन्न खानपिनमा प्रयोग गर्न सकिने धार्मिक तथा परम्परागत मान्यताले यो चलन बसेको वैदिक कर्मकाण्डका ज्ञाता बर्दिबास–१ का पण्डित रामप्रसाद बराल बताउँछन्।

वैदिकशास्त्रमा नयाँ अन्न प्रचलनमा ल्याउनुअघि होमादि नगरिए त्यस्तो अन्न शुभकार्य र पितृकार्यमा नचल्ने पुरानो विश्वास रहेको छ। सामान्यतया मधेसी परम्पराको 'लबान' वा पहाडी चलनको 'न्वागी खान' कार्तिक शुक्ल द्वादशी नै उपयुक्त रहे पनि मार्ग (मङ्सिर) शुक्ल पञ्चमीसम्म न्वागीका लागि होमादि गर्न सकिने परम्परा रहेको भङ्गाहा–५ सीतापुरबजारका विष्णुप्रसाद शर्माको भनाइ छ।

पर्वमा पहाडी परम्पराको होमादि गर्न कुल पुरोहित वा अन्य कर्मकाण्डी ब्राह्मण अनिवार्य हुने हुँदा आज पुरोहितहरूको व्यस्तता हुने गर्छ। यस पर्वमा होमादि अर्पण गरी इष्टजनलाई आमन्त्रण गरेर खुवाउने र खाने प्रचलन छ।

## तिहारमा रु २४ करोड फूलको कारोबार

काठमाडौं, ८ मङ्सिर/रासस

यो वर्षको तिहारमा रु २४ करोड मूल्य बराबरको फूलको कारोबार भएको छ। अघिल्लो वर्षको तिहारमा रु २६ करोडको कारोबार भएकोमा यो वर्ष रु दुई करोड कम कारोबार भएको हो।

यो वर्ष फूलको उत्पादन राम्रो भएपनि मूल्य कम हुँदा गत वर्षको तुलनामा कारोबारमा कमी आएको पुष्प व्यवसायीको छाता संस्था नेपाल फ्लोरिकल्चर एशोसिएशनका अध्यक्ष मीनबहादुर तामाङले जानकारी दिए।

अध्यक्ष तामाङले भने, "गत वर्षको तिहारमा रु एक सयमा फूलको माला बिक्री भएको थियो भने यस वर्ष सरदर रु ६५ मा उपभोक्ताले फूल खरीद गरेका थिए, कारोबार कम हुनुको मुख्य कारण नै फूलको मूल्यमा कमी हुनु हो।"

यो वर्षको तिहारमा रु ३१ करोड २८ लाख मूल्य बराबरको फूलको कारोबार हुने अनुमान रहे पनि झन्डै रु सात करोड कम कारोबार भएको छ। यो वर्ष ७० प्रतिशत भारतीय फूल प्रयोग भएको र ३० प्रतिशत मात्रै नेपालमैं उत्पादन भएको फूल प्रयोग भएका कारण नेपाली उत्पादनले राम्रो बजार नपाएको अध्यक्ष तामाङको भनाइ छ।

भारतबाट ल्याइ कोल्ड स्टोरमा राखिएको माला सस्तो पाउने भएपछि नेपाली फूलले समेत मूल्य नपाएको उनको भनाइ छ। यो वर्षको तिहारका लागि ४० लाख सयपत्री फूलको माला खपत हुने अनुमान गरिएको भएपनि ३० लाख सयपत्री, मखमली गोदावरी र मिक्स माला गरी जम्मा ३५ लाख फूलको माला खपत भएको बताइएको छ। पछिल्लो समय बजार माग वृद्धिसँगै विशेषगरी काठमाडौं, ललितपुर, भक्तपुर, कास्की,



चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ४८ जिल्लामा पुष्पखेती विस्तार भइसकेको छ। नेपालमा हाल व्यावसायिकरूपमा ४५० प्रजातिका फूल उत्पादन हुँदै आएका छन्। नेपालमा लगभग २२१ हेक्टर क्षेत्रफलमा करीब एक हजार दुई सय व्यवसायीले यसको खेती गर्दै आएका छन्।

यो वर्ष एक लाख मखमली फूलको माला विदेश निर्यात भएको छ। यसरी माला निर्यात हुने देशहरूमा अस्ट्रेलिया, अमेरिका, खाडी मुलुक रहेका छन्।

### गणतन्त्र ने ...

हाकाहाकी दहाड मारेर सबैको निद्रा भङ्ग गरिदिएका छन्। काठमाडौं केन्द्रित दुर्गा प्रसाईंको आन्दोलनको समर्थनमा मङ्सिर ७ गते राजावादीहरूले पनि वीरगंजमा जुलूस नारा गरे। संसारबाटै लोप हुन थालेको कम्युनिस्ट कोटाबाट प्रचण्ड प्रधानमन्त्री बन्न सक्छन् भने नेपालमा राजतन्त्र किन फर्किन सक्दैन भन्ने नयाँ बहस सतहमा आएको छ। संसारका थुप्रै लोकतान्त्रिक मुलुकमा राजतन्त्र आन, बान र सानले कायम छ। कसैले किन विकल्प खोज्छ? जब गणतन्त्र 'खोदा पहाड, निकला चुहा' साबित हुँदै गयो। जनताले दुर्गा प्रसाईं जस्ता बडबोलेलाई गले लगाए। अब हेर्नु न 'हरहर दुर्गा, घरघर दुर्गा' रे!

प्रतीक दैनिकका आर्थिक लेखक विश्वराज अधिकारीको अर्थजगत्मा उनको राम्रो पकड छ भन्ने कुरा प्रतीकमा उनको लेखबाट प्रस्ट झल्किन्छ। विश्वराज अधिकारीले अर्थतन्त्रका बारेमा सजिलोरूपमा किताबहरूसमेत लेखेका छन्। अर्थतन्त्रका जानकार यी ख्यातिप्राप्त लेखकले समेत हिजो मङ्सिर ८ गते शुक्रवारको लेखमा फरक विषयमा प्रवेश गर्दै नामै किटान गर्दै तपसिलका नेताहरूले केन्द्रीय राजनीतिबाट विश्राम र संन्यास लिए मात्र नेपाल र नेपालीको केही हदसम्म कायापलट हुने आशय लेखेर 'शिरके उपर पानी बगिरहेको' सन्देश दिन खोजेको महसूस भयो। गणतन्त्रवादी नेताहरूको चाल कुकुरको पुच्छर १२ वर्षसम्म ढुङ्ग्रोमा राखे पनि उस्तै हो भने हामीजस्ता स्याल हुइँयामा बग्नेले समेत 'हरहर दुर्गा, घरघर दुर्गा', 'राजा विष्णुका अवतार' भन्नुपर्ला जस्तो छ। भन्नेहरू भन्छन् भारतीय व्यापारी विजय माल्या र दुर्गा प्रसाईं उस्तैउस्तै स्वभावका हुन् रे। माल्या भारतीय बैंकको ऋण पचाएर विदेश भागे, प्रसाईं ऋण खाएर देशमैं जो चोर उसको ठूलो स्वर गर्दैछन्। तैपनि जनपक्षीय देखिएकाले एकपटक पुनः हरहर दुर्गे, घरघर दुर्गे। गणतन्त्रका हिजडाहरूको जमातसँग लड्न एक्लै दुर्गा काफी छन्।

### बाधको ...

बिहीवार साँझ घरनजीकै नारायणी नदीमा माछा मार्न गएका परियार आज मृत अवस्थामा फेला परेका हुन्। बिहीवार साँझ परिवारको सम्पर्कमा नआएका उनलाई आज बिहान खोजतलाश गर्दा फेला परेको प्रहरीले जनाएको छ।

# क्रिकेट मैदानसहित रङ्गशालाको पुनर्निर्माण महानगरले गर्ने -नगरप्रमुख

प्रस, वीरगंज, ८ मङ्सिर/

वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले नारायणी रङ्गशालामा रहेको क्रिकेट मैदानको स्तरोन्नति गर्ने प्रतिबद्धता जाहेर गरेका छन् ।

बिहीवार नारायणी रङ्गशालाको निरीक्षण गर्दै नगरप्रमुख सिंहले सङ्घ र प्रदेश सरकारले नारायणी रङ्गशाला पुनर्निर्माणमा उपेक्षा गरेको भन्दै महानगरले रङ्गशाला व्यवस्थित बनाउने बताए ।

उनले तत्काल खेलाडीहरूलाई अभ्यासका लागि मैदानको दक्षिणतर्फको क्षेत्र प्रयोगमा ल्याउन आवश्यक भएको भन्दै सो कार्यको सुरुआत गर्ने बताए ।

उनले मुख्य मैदानलाई असर नपुग्ने गरी अभ्यासको लागि दक्षिणतर्फको खाली ठाउँ व्यवस्थित बनाउन सुझाए । मुख्य मैदानलाई प्रतियोगिताको लागि मात्र प्रयोगमा ल्याउने उनले बताए । नगरप्रमुख सिंहले रङ्गशालाको जग्गा सुरक्षित गर्नको लागि नापजाँच गरेर घेराबार गर्ने पनि बताए । उनले रङ्गशालाको स्तरोन्नति नभएकै कारण प्रतियोगिताहरू हुन नसकेको बताए ।

पर्सा क्रिकेट सङ्घको अगुवाइमा अन्तर्राष्ट्रियस्तरको प्रो क्लब च्याम्पियनशिपको दोस्रो संस्करण नारायणी रङ्गशालामा गर्नेगरी सोको तयारी गर्न कर्मचारीहरूलाई निर्देशन

तस्वीरः सौजन्य



दिए ।

पर्सा क्रिकेट सङ्घका अध्यक्ष मनीष सिंहले रङ्गशालाको स्तरोन्नतिको लागि नगरप्रमुखले दिएको आश्वासनको प्रशंसा गरे । उनले महानगरले रङ्गशालाको अभिभावकत्व लिएपछि खेलाडीहरूमा उत्साह, ऊर्जा थपिने आशा व्यक्त गरे । उनले वीरगंजमा राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन भएपनि व्यवस्थित रङ्गशालाको अभावमा अभ्यास गर्न समस्या भइरहेको बताए ।

महानगरले आदर्शनगर खेलमैदानको स्तरोन्नति गर्दै फूटबल प्रतियोगिता दशैंको पूर्वसन्ध्यामा सम्पन्न गरेको थियो । नगरप्रमुखसँगै राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान ज्ञानेन्द्र मल्ल, महानगरका प्राविधिक सल्लाहकार प्रकाशमान सिंह अमात्य, योजना प्रमुख अवधेश कुशवाहा, सरसफाइ प्रमुख सर्फुद्दीन मियाँलगायतको सहभागिता थियो ।

# खेलकूदको संसार

## अन्तर्राष्ट्रिय ऋसकन्ट्री दौड प्रतियोगिता : चिनियाँ खेलाडी पोखरामा

कास्की, ८ मङ्सिर/रासस

पोखरामा शनिवारदेखि सञ्चालन हुने नेपाल-चीन मैत्रीपूर्ण अन्तर्राष्ट्रिय पर्वतीय ऋसकन्ट्री दौड प्रतियोगितामा सहभागी हुन चिनियाँ खेलाडी पोखरा आइपुगेका छन् ।

'साझा समृद्धिका लागि दौड'को नाराका साथ आयोजना गरिएको प्रतियोगिताका लागि हिमालयन एयरलाइन्सको विमानमार्फत चिनियाँ खेलाडी गएराति पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका हुन् । प्रतियोगितामा सहभागी हुन चीनको कुनमिङबाट खेलाडी र अफिसियल गरी ९५ जना चार्टर विमानमार्फत आएका हुन् ।

प्रतियोगितामा नेपालका लागि चिनियाँ राजदूत छन सङ, चीनको युनान प्रान्तको विदेश मामिला कार्यालयका दक्षिण एशिया निर्देशक झु वेनझोङ, युनान पर्वतारोहण तथा अन्तर्राष्ट्रिय खेल विभागका उपाध्यक्ष एवं महासचिव झोङ सी, युनान विश्वविद्यालयका प्राध्यापक एन सुइगेनलगायत अतिथि पोखरा आइपुगेका छन् ।

खेलकूदका माध्यमबाट दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउँदै पोखराको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले चिनियाँ दूतावास, पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्डको आयोजनामा प्रतियोगिता गर्न लागिएको संयोजक विश्वशङ्कर पालिखेले जानकारी दिए । प्रतियोगिताको सहआयोजकमा युनान माउन्टेनरिङ एन्ड आउटडोर स्पोर्ट्स एशोसिएशन र होटल एशोसिएशन पोखरा रहेका छन् ।

संयोजक पालिखेका अनुसार सामूहिक, व्यक्तिगत प्रतिस्पर्धासँगै ह्याप्पी रन र विद्यार्थी दौड गरेर चार विधामा प्रतिस्पर्धा हुनेछ । सामूहिक प्रतिस्पर्धामा २० समूहले प्रतिस्पर्धा गर्नेछन् । सामूहिक विधामा नेपाल र मित्रराष्ट्र चीनका १०-१० टोलीले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा कुल छ सय खेलाडी सहभागी हुने संयोजक पालिखेले बताए ।

दौड, साइक्लिङ र डुङ्गा दौड गरेर ४० किलोमिटर दूरी धावकले पार गरेपछि विजेता चयन गरिनेछ । सामूहिक विधातर्फको विजेताले रु तीन लाख ६० हजार पुरस्कार पाउनेछन् । द्वितीयले रु दुई लाख ८८ हजार, तृतीयले रु दुई लाख १६ हजार र चौथो स्थान प्राप्त गर्नेले रु एक लाख ४४ हजार पुरस्कार पाउने आयोकजले जनाएको छ ।

यसैगरी, व्यक्तिगततर्फ ३८ किलोमिटर दूरीमा प्रतिस्पर्धा हुनेछ । विजेता महिला, पुरुषले जनही रु एक लाख ४४ हजार पुरस्कार पाउनेछन् । उपविजेताले रु एक लाख आठ हजार, तृतीयले रु ५४ हजार र चोथौदेखि सातौंसम्मकाले रु १८ हजार र १०औंसम्मका धावकले रु नौ हजार पुरस्कार पाउनेछन् । लेकसाइडको बाराहीघाटबाट शुरू भएर बिरौटा, फुस्रेखोला, रामदी, उल्लेरी, भुम्दी, लुकुनस्वाँरा, लिचीबोट हुँदै बाराहीघाटमैं आएर समापन हुनेछ ।

यसैगरी, पाँच किलोमिटरको विद्यार्थी दौड प्रतियोगिताका विजेता छात्रछात्राले जनही रु २५ हजार पाउनेछन् । द्वितीयले रु २० हजार, तृतीयले रु १५ हजार, सान्त्वनाले रु १० हजार र पाँचौं हुनेले रु पाँच हजार पुरस्कार प्राप्त गर्नेछन् ।

## केपी ओली कप क्रिकेट : बाग्मती सेमिफाइनलमा

कास्की, ८ मङ्सिर/रासस

पोखरामा जारी 'केपी ओली कप राष्ट्रिय टी-२० क्रिकेट' प्रतियोगितामा बाग्मती प्रदेश सेमिफाइनलमा प्रवेश गरेको छ । बाग्मतीले लगातार दुई खेल जित्दै प्रतियोगिताको अन्तिम चारणमा पुगेको हो ।

पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा शुक्रवार सम्पन्न पहिलो खेलमा बाग्मतीले कर्णाली प्रदेशलाई ९० रनले पराजित गर्न सफल भयो । टस जितेर ब्याटिङ गरेको बाग्मतीले रित गौतम र इशान पाण्डेको अर्धशतकीय पारीमा छ विकेटको क्षतिमा १८९ रनको योगफल तयार गरेको थियो ।

बाग्मतीका गौतमले १० चौका र दुई छक्का हिर्काउँदै सर्वाधिक ८२ रन बनाए भने पाण्डेले चार चौका र छ छक्कासहित ७० रनको योगदान दिए । जवाफी ब्याटिङ थालेको कर्णाली प्रदेश भने १७ दशमलव तीन ओभरमा सबै विकेट गुमाएर ९९ रन मात्रै जोड्न सक्यो ।

बाग्मतीका कप्तान सन्दीप लामिछानेले चार विकेट लिएपछि कर्णालीलाई लक्ष्य भेट्टाउन सकस भएको थियो । बाग्मतीका दीपेश श्रेष्ठले दुई तथा इशान पाण्डे, सुवास खत्री, रिजन ढकाल र प्रतीष जिसीले समान एक/एक विकेट लिए ।

बाग्मतीले शुक्रवार उद्घाटन खेलमा आयोजक मदन भण्डारी स्पोर्ट्स एकेडेमी (रातो)लाई पराजित गरेको थियो । कर्णालीका दिनेश अधिकारीले तीन तथा दिवान पुन र अनुज चनाराले समान एक/एक विकेट लिए ।

कर्णालीका अर्जुन घर्तीले सर्वाधिक २४, विपिन शाहीले २१, कप्तान रवीन्द्र शाहीले २० र दीपेन्द्र रावतले १२ रनको योगदान दिए । बाग्मतीको समूहमा आयोजक रातो र कर्णाली प्रदेश रहेका छन् । बाग्मतीले आफ्नो समूहका दुवै खेल जितेको हो ।

प्रतियोगितामा सात प्रदेशका सात टीम, विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरीको एपिएफ र आयोजक मदन भण्डारी एकेडेमीका दुई गरी १२ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गरेका छन् । सहभागी टोलीलाई चार समूहमा विभाजन गरिएको छ ।

प्रतियोगिताको विजेता टोलीले रु पाँच लाख, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यसैगरी, उपविजेता टोलीलाई रु दुई लाख ५० हजार, शिल्ड, मेडल र प्रमाणपत्र दिइने एकेडेमीका अध्यक्ष ध्रुव्र आचार्यले जानकारी दिए ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद्को नियम अनुसार सञ्चालन भएको प्रतियोगितामा 'म्यान अफ दी सिरिज'ले रु ३० हजार, 'बेस्ट बलर'ले रु २० हजार, र 'म्यान अफ दी म्याच'ले रु पाँच हजार पुरस्कार पाउँछन् ।

# सालको गोलियासहित चालक, सहचालक पक्राउ

प्रस, रौतहट, ८ मङ्सिर/

डिभिजन वन कार्यालय, रौतहटले पिकअप गाडीमा लोड काठसहित दुईजनालाई पक्राउ गरेको छ ।

निजगढ नगरपालिका-८ खैरघारी टोल बस्ने पिकअपचालक बुद्ध थिङ, सहचालक सञ्जय लामालाई काठसहित पक्राउ गरेको हो । बुद्धले चलाएको पिकअपमा पाँचवटा सालको गोलिया बरामद भएपछि नियन्त्रणमा लिएको डिभिजन वन कार्यालय, रौतहटले जनाएको छ ।

गुजरा नपा-३ पशुपतिटोलको धनसर-जङ्गलसैया सडकखण्डमा प्रदेश २-०३-००१ च-५६७१ नम्बरको पिकअप गाडीमा पाँचवटा सालको गोलिया लोड गरेर लैजाँदै गरेको अवस्थामा थिङ पक्राउ परेको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ ।

सूचनाको आधारमा प्रहरी चौकी हरिनगर रौतहटका प्रहरी सहायक निरीक्षक हरेराम कुर्मी र जङ्गलसैया सबडिभिजन वन कार्यालयका प्रमुख सहायक वन अधिकृत आरिफ अन्सारीको संयुक्त कमान्डमा खटेको टोलीले धनसर-जङ्गलसैया सडकखण्डबाट सो परिमाणको सालको गोलिया बरामद गरेको हो । प्रहरीले बरामद गोलिया ८० क्युफिट भएको जनाएको छ । सुरक्षाकर्मी र वनकर्मीको टोलीलाई देखेर पिकअप चालक र सहचालक गाडी छोडी भाग्न खोजेको तर सुरक्षाकर्मीले उनीहरूलाई पक्राउ गर्न सफल भएको जिप्रका, रौतहटका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक दामोदर केसीले बताए ।

# सहकारी दर्ता, क्षेत्र विस्तार र सेवाकेन्द्र स्वीकृतिमा रोक

काठमाडौं, ८ मङ्सिर/रासस

सरकारले कुनै पनि प्रकृतिका सहकारी संस्था दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवाकेन्द्रको स्वीकृतिमा रोक लगाएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयले अर्को व्यवस्था नभएसम्म महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकालाई कार्यक्षेत्र बनाइ बचत तथा ऋणको मुख्य कारोबार गर्नेगरी सङ्घ, प्रदेश र स्थानीय तहबाट कुनै पनि प्रकृतिको सहकारी संस्था दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवाकेन्द्रको स्वीकृतिमा रोक लगाउने निर्णय मन्त्रिपरिषद्द्वारा भएकाले सोही अनुसार कार्य गर्न अनुरोध गरेको छ । कात्तिक २३ गतेको मन्त्रिपरिषद्को निर्णयबारे जानकारी गराउँदै मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले सम्पूर्ण वित्तीय क्षेत्रमैं असर पर्न सक्ने जोखिम बढ्दै गएकाले मन्त्रिपरिषद्को निर्णय अनुसार यस्ता कार्यमा रोक लगाइएको जानकारी दिए ।

देशभर ठूलो सङ्ख्यामा रहेका बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाबाट पछिल्लो समयमा ठूलाठूला बचत स्वीकार गर्ने र जोखिमयुक्त लगानी गर्ने प्रवृत्ति वृद्धि भएको मन्त्रालयले जनाएको छ ।

सहकारी संस्थाका सदस्य तथा बचतकर्ताको बचत फिर्ता हुन नसकी सहकारी संस्थाहरूमा ठूलो समस्या सिर्जना हुन गएकाले अर्को व्यवस्था नभएसम्मका लागि उक्त कार्यमा रोक लगाइएको मन्त्रालयले बिहीवार जारी गरेको विज्ञप्तिमा जनाएको छ ।




# बाघको आक्रमणबाट एकजनाको मृत्यु

चितवन, ८ मङ्सिर/रासस


चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बाघको आक्रमणबाट एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा राप्ती नगरपालिका वडा नं १ दुबीचौरका ४३ वर्षीय हरि पौडेल रहेका छन् ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार शुक्रवार बिहान ९:४५ बजे पौडेलको मकवानपुरको मनहरी गाउँपालिका-६ लोथरस्थित राप्ती दोभानमा घाँस काट्न गएको बेला बाघको आक्रमणबाट मृत्यु भएको हो ।

यसैगरी, नारायणी नदीमा माछा मार्न गएका एक व्यक्ति मृत फेला परेका छन् । भरतपुर महानगरपालिका वडा नं १६ निवासी १८ वर्षीय समीर परियार मृत फेला परेका हुन् । जिल्ला प्रहरी कार्यालय, चितवनका प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार

(बाँकी पाँचौं पातामा)

# आमोदेवी मेलाको तयारी शुरू



तस्वीरः प्रतीक

प्रस, पर्सागढी, ८ मङ्सिर/

पर्सागढी नगरपालिकाले आमोदेवी मन्दिरमा लाग्ने पूर्णिमा मेलाको लागि तयारी शुरू गरेको छ । मेलालाई व्यवस्थितरूपमा सम्पन्न गर्न शुक्रवार नगरप्रमुख गोकर्ण पाठकको पहलमा मन्दिर क्षेत्रको सरसफाइ र सडक मरम्मतसम्भार कार्य गरिएको छ ।

पर्साका छ र बाराको एक गरी सात ठाउँमा पूर्णिमाको मेला लाग्ने गर्छ । मेलाको लागि पर्सागढी नपा-३ आमोदेवी मन्दिर क्षेत्रमा जग्गा वितरण तथा अन्य उपसमितिहरू गठन गरिएका छन् । यसअघि वडाध्यक्ष सुकमान तामाङको अध्यक्षतामा मेला व्यवस्थापन मूल कमिटी गठन भइसकेको छ ।

## महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं

- महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँकहीं हुन सक्छ ।
- हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक प्रोत्साहित हुन सक्छ र थप घटना हुन सक्छन् ।
- पीडकलाई समयमा नै कानूनी दायरामा ल्याउन सके महिला हिंसाका घटनामा कमी आउन सक्छ ।
- त्यसैले नजीकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाइ, सहकर्मी भनी कुनै पनि पीडकलाई उम्कन नदिऔं ।

पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड